Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २०, २०७६ साल पुस २२ गते मंगलबार (Jan 6, 2020) www.janaakash.com.np मुल्य रु १०।-

# ३ न. प्रदेश राजधानी नेताहरूको पोल्टामा संघीयता नै खतरामा पर्ने सम्भावना

- मोहन कार्की

नेकपा (नेकपा) को सचिवालयले ३ न. प्रदेशको राजधानी हेटौडा र नाम बागमती राख्ने निर्णय गरेको केही समय बित्न नपाउदै देश अस्तब्यस्त हुने सम्भावना बढ्यो भलै नेकपा नेकपाले गरेको गल्ती ७२ घण्टापछि सच्यायो भनेर बाहिर हल्ला फिजाइएको छ । तै पनि ३ न. प्रदेशका जनताहरु बिश्वस्त भइसकेका छैनन् । देश संघियतामा गइसकेपछि केन्द्रीकृत राज्य प्रणालीलाइ बिकेन्द्रीकृत गरेर बिकाश नपुगेका ठाउँहरुमा संघ, स्थानिय निकाय स्थापना गरी विकाशका कामहरु छिटो छरितो ढङगवाट गर्ने उद्देश्यले स्थापना भएको संघियता राजनीतिक पार्टीका प्रभावशाली मानिने नेताको गाउँ, ठाउँ



पायक पारेर जनताको सेवा सुविधालाई भन्दापनि नेताका पोल्टाहरुलाइ बलियो बनाउन बलजफ्ती गर्न लागेका लाग्यै गरिरहेका छन् । ३ न. प्रदेशको राजधानिको बिषयमा त्यही भइरहेको छ ।

३ न. प्रदेशको राजधानी १३ वटै जिल्लालाइ पायक पर्ने ठाउँमा राख्नुपर्ने जनताहरुको माग रहेको छ । त्यसै विषयलाई लिएर नेवा ताम्सालिङ संयुक्त संघर्ष समिति, विभिन्न संघसंगठनहरुले नेकपाको सचिवालयले गरेको निर्णय विरुद्ध र ३ नं. प्रदेशको राजधानी पायक पर्ने ठाउँमा नसारेमा जस्तोसुकै चुनौतीको सामना गर्न आन्दोलनरत पक्षहरुले विरोध प्रदर्शनमा बोल्दै आएका छन् । तर सरकारमा दुइतिहाइको दम्भ देखाउने सरकार भने सवैभन्दा कुनो पर्ने ठाउँ हेटौडामा राजधानी राख्न बलजफ्ती गरेको गर्‍यै छ ।

यसो भइरहनुले नेपालको व्यवस्था तरिकाले होइन नेताका र्निदेशनले चल्छन् भन्ने बाँकी २ पृष्ठमा

## नाडा प्रतिनिधिले भेटे गर्वनरलाई

नाडाका नवनिर्वाचित अध्यक्ष कृष्णप्रसाद दुलालको नेतृत्वमा गएको गएको ६ सदसिय नाडा प्रतिनिधि मण्डलले नेपाल राष्ट्र बैङ्कका गर्वनर डा. चिरञ्जिवी नेपालसंग भेटी नेपाल राष्ट्र बैङ्कले मिति २०७६ साल पौष ८ गते ल्याएको



क,ख,र ग बर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन २०७६, ले नेपालको समग्र अटोमोवाइल व्यवसायमा पारेको प्रभाव र त्यसको समाधानबारे विस्तृत छलफल गरेको नाडाले जनाएको छ ।

नाडा प्रतिनिधि मण्डलले मुलत: व्यक्तिलाई बैङ्क र वित्तीय निकायहरुले ऋण दिदा कूल आम्दानीको ५० प्रतिशत मात्र ऋण दिन सकिने भन्ने सो एकिकृत निर्देशनको विषयमा जिज्ञाशा राखेको सन्दर्भमा गर्वनर नेपालले यसबारे स्पष्ट पार्दे अटोमोवाइलक्षेत्रलाई नेपाल राष्ट्र बैङ्कले कहिले पनि अनुत्पादक क्षेत्रको रुपमा नलिएको बरु यो बाँकी २ पृष्ठमा

## न्याय परिषद्मा लक्ष्मीबहादुर

काठमाण्डौ । न्याय परिषद् सदस्यमा लक्ष्मीबहादुर निराला अनुमोदन हुनुभएको छ । आइतबार बसेको संसदीय सुनुवाइ विशेष समितिको बैठकले निरालालाई सर्वसम्मतले न्याय परिषदको सदस्यमा अनुमोदन गरेको हो ।



समिति बैठकमा सहभागी निरालाले सांसदले सोधेका प्रश्नको जवाफ दिएपछि नाम सर्वसम्मतले अनुमोदन गरिएको समिति सभापति लक्ष्मणलाल कर्णले उज्यालोलाई जानकारी दिनुभयो ।

निरालाले राजनीतिक र आर्थिक प्रभावबाट प्रभावित नभइ काम गर्ने प्रतिबद्धता जनाउनुभएको छ । सांसदले सोधेका प्रश्नको जवाफ दिँदै उहाँले अहिलेसम्म कतैबाट प्रभावित नभएको भन्दै कुनै पनि विकृति तथा विसंगतिबाट प्रभावित नहुने बताउनुभयो ।

दबाब आएमा आफू न्याय परिषदबाट बाहिरिदिने पनि उहाँले बताउनुभयो । राजनीतिक र आर्थिक प्रभावले न्यायालय प्रभावित भएको भन्दै सांसदले निरालालाई न्याय परिषद सदस्यको रुपमा प्रभावित हुने कि नहुने? भनी प्रश्न गरेका थिए । निरालाविरुद्ध समितिमा उजुरी दिने समय तोकिए पनि कुनै पनि उजुरी नपरेको समितिले जनाएको छ ।

## महायज्ञको पत्रकार सम्मेलन भब्य हुने आयोजकको दावी

सुरेश अधिकारी, चितवन

महायज्ञको लागत ३ देखि ५ करोड पुग्ने अनुमान गरिएको छ । कार्यक्रमको समापन गर्ने बाल योगेश्वर महाराजजी ले माघ ११ गते ११ बजे १०८ तिर्थस्थलको जल सहित मुक्तिनाथ हुदै कार्यक्रमस्थल सम्म १०८ गौमाताको दुध धारा सहित हेलिकप्टरबाट पुष्प बृष्टि गरिने जानकारी पत्रकार सम्मेलनमा दिएका हुन् ।




अन्तमा नेपाल पत्रकार महासंघ चितवन शाखालाइ आर्थिक सहयोग सोरुप ५ लाँख ५५ हजारको प्रदान गरिने पनि घोषणा गरेका थिए ।

माघ ११ देखि फागुन ११ सम्म सञ्चालन हुन गइरहेको महिनाब्यापी कोटीहोम महयज्ञ बारे जानकारी गराउने उद्देश्यले शनिवार दिउसो नारायणी नदीको किनारमा पत्रकार सम्मेलन गरिएको छ । कोटीहोम महायज्ञ मूल आयोजक समारोह समितिको पहलमा भएको उक्त पत्रकार सम्मेलनमा चितवनका उल्लेखिय पत्रकारहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्ने धार्मिक बक्ताहरुले कोटीहोम महायज्ञको प्रभाववाट वायु प्रदुसन नियन्त्रण गर्न सहयोग पुर्‍याउने र जल वायु परिवर्तनको बिकृतिलाई रोक्न पनि महायज्ञ साहायक सिद्ध हुने बिश्वास ब्यक्त गरेका थिए । बक्ताहरुले निकट आइसकेको महायज्ञमा सहभागिता जनाउन “नासा ” का बैज्ञानिकहरुलाई पनि निमन्त्रणा गरिएको र अमेरिकाको “सिनेट ”मा यस महायज्ञको जानकारी पुग्ने भनि पत्रकारहरुलाई जानकारी दिएको थियो । बाल योगेश्वर

महाराजजीले कोटीहोम महायज्ञलाई अकल्पनीय र अविस्मरयणीय हुने बताउनु भयो । उपस्थित पत्रकारहरुको नजिक महाराजजी ले कोटीहोम महायज्ञमा १० लाँख भक्तजनको उपस्थिति रहने र प्रत्येक दिन एक हजार भक्तजनलाई खाने, बस्नेको व्यवस्था मिलाई सकिएको जानकारी गराउनु भयो । पूर्व देखि पश्चिम बाँकी २ पृष्ठमा

## सितल शान्ति टोलको प्रथम बार्षिक साधारणसभा सम्पन्न

चितवन । भरतपुर महानगरपालिका वडा न. २ स्थित शान्ति टोल बिकाश संस्थाको प्रथम बार्षिक साधारणसभा यहि २०७६ पौष १९ गते जलदेवी वनको रमणीय स्थलमा एक कार्यक्रम गरी सम्पन्न गरेको छ । वडा न. २ का अध्यक्ष पुर्ण बहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न सो सभामा छिमेकी टोलका अध्यक्ष जयराम खत्रीको सभातित्वमा कार्यक्रम शुरु भएको थियो । प्रगति विवरण संस्थाका सचीव शरदचन्द्र काफ्लेले प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी आर्थिक प्रतिवेदन संस्थाका कोषाध्यक्ष लिलाधर खनालले प्रस्तुत गर्नुभएको थियो । टोलबासीहरुका लागि चाहिने पुर्वधारहरुको बर्गीकरण गरी सम्वन्धित वडासँग माग गरिएको र भावि रणनीतिक कार्यको बारेमा प्रस्तुत तथा छलफल गरी बनभोज सहितको उक्त साधारणसभा सम्पन्न गरिएको थियो ।

कार्यक्रमको उत्साह भर्दै कार्यक्रम सुरज अधिकारीले सञ्चालन गर्नुभएको थियो ।

सडक, पेटी, ढल, ब्यवस्थापन राम्रो भएको उक्त वडामा थप हरियालीका साथसाथै सरसफाइले नमुना टोलको रुपमा बिकाश गदै लैजाने अठोटका साथ सभापतिले सभा बिर्सजन गर्नुभएको थियो ।

## काठमाडौं महानगरपालिकाको आर्थिक सहयोग

काठमाडौं महानगरपालिकाले बौद्ध परियत्ति शिक्षाका लागि रु २३ लाख ६५ हजार अर्थिक सहयोग गरेको छ । अखिल नेपाल भिक्षु महासङ्घद्वारा सञ्चालित सो शिक्षाको पाठ्य सामग्री छपाइ, दीक्षान्त समारोह तथा नैतिक आचरण शिक्षा लगायतमा सहयोग गरेको हो । कामपाका प्रमुख विद्यासुन्दर शाक्यले महासङ्घ अध्यक्ष भिक्षुमैत्री महास्थवीरलाई आइतबार सो रकम हस्तान्तरण गर्नुभयो । महानगर क्षेत्रभित्रका सामुदायिक विद्यालयको स्तरोन्नतिका गर्न रु १३ करोड बजेट महानगरले विनियोजन गरेको छ । सो रकम सामुदायिक विद्यालय हाताभित्र वृक्षरोपण, खेल मैदान, रङ्गरोगन, शौचालय र खानेपानीको व्यवस्थापन गर्नेलगायतमा खर्च हुने जनाइएको छ । सो अवसरमा प्रमुख शाक्यले सहयोगको रकम सदुपयोग हुनेमा आफू आशावादी रहेको बताउनुभयो ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# राष्ट्रिय गौरवका आयोजनाहरु बाहाना बनाएर नरोकौं

निजगढ अन्तराष्ट्रिय विमानस्थल नेपालको लागि गौरवको आयोजना र नेपालीहरुको आर्थिक उन्नतिमा कोशे ढुङ्गा सावित हुने योजना हो ।

नेपालको एक मात्र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलले बढ्दो अन्तराष्ट्रिय उडानको भारलाइ थेग्न नसकिरहेको अवस्थामा बैकल्पिक अन्तराष्ट्रिय विमानस्थल नहुदा नेपालले भारतका विमानस्थलहरु प्रयोग गर्नुपर्ने बाध्यताहरु आएका छन् । यस्तो अवस्थामा नेपालले आ□नो राष्ट्रिय प्रतिष्ठा सम्झेर पनि निजगढ अन्तराष्ट्रिय विमानस्थल छिटो भन्दा छिटो निर्माण गर्नुपर्ने हो । त्यो सम्बन्धित निकायले त गर्नुपर्ने काम गर्नु नै पर्छ । त्यो भन्दा बाहिर बसेर राष्ट्र बिकाशको योजनाहरु सकरात्मक सोच राखेर नेपाल र नेपालीको हित चाहाने नेपालीहरुले त झनै नेपालका बिकाशमा ध्यान दिनुपर्छ यो सबै नेपालीहरुको कत्ब्य हो ।

तर नेपालमा लोकतन्त्रको दुरुपयोग गरेर कतिपय मानव अधिकारका नाममा नेपालको विकाश रोक्न नेपाल कै मानिसहरु लागिपरेका देखिन्छन् । ति काहावाट कसरी कसले तिनिहरुलाई परिचालन गर्छन् । अहिले सम्म कसैले खोजि नीति गरेको देखिएको छैन । देख्दा पढे लेखेका बिद्धावान जस्ता लाग्ने तर रातारात अवान्छित गतिविधिमा संलग्न हुने र नेपाललाइ नोक्सान पुर्‍याए बापत अकुत सम्पति आर्जन गरेर नेपालवाट अमेरिका पलायन हुने नेपाली नागरिता बोकेका अमेरिकामा रिफुजी ( सनार्थी ) बन्न रुचाउने ब्याक्तिहरु नेपालका लागि घातकसिद्ध बन्दै गएको देखिन्छ ।

अहिले पछिल्लो समय नेपाल देशकै गौरवको आयोजना निजगढ अन्तराष्ट्रिय विमानस्थलको विषयमा पहिला नै गरिसकिएको ( ईआई ) को बिषयमा सर्वोच्च अदालतमा मुद्धा हालेर नेपालको गौरवको आयोजनालाई रोक्न, ढिलो गर्न नेपाल बिरोधिहरुले नेपाली नागरिता बोकेकाहरुलाई प्रयोग गरेको सहजै अनुमान लगाउन सकिन्छ । यस्तो कार्यको सर्मथन गर्नु र त्यस्ता गलत मनसाय राखेर निवेदन हाल्नु राष्ट्रिय गौरवको आयोजनालाइ पछाडी धकेल्नु नेपाल र नेपालीहरुको विरुद्धमा काम गर्नु हो ।

यस्ता भौतिक निर्माण तथा राष्ट्रिय गौरवको आयोजना सम्बन्धि र्निणयहरु सम्माननीय सर्वोच्च अदालतले पनि छिटो भन्द छिटो टुङग्याइ दिएर नेपालको विकाशलाई टेवा दिनुपर्छ ।

प्रत्येक दिन आफ्नो जन्मभुमि छोडेर अर्काको देश बनाउन गईरहेका नेपाली नागरिकहरुले आफ्नै देशमा काम गर्न पाउने बातावरणको लागि नेपालको राष्ट्रिय गौरवको आयोजनामा बातावरणीय प्रभावको नाममा भईरहेको नाटकहरु बन्द गरिनुपर्छ । नेपालका बिकाश निर्माणका कामहरु ढिलो गरी सम्पन्न हुनु नेपालका गरिखाने नेपालीहरुको कारण नभएर पढेलेखेका भन्ने बुज्रुकहरुको कारणले देशको बिकाश हुन नसकेको देखिन्छ ।

त्यसकारण यस्ता बुज्रुकहरुको पहिचान अभिलेख राख्दै नेपालले राष्ट्रिय गौरवका आयोजनाहरु निर्माण आउने समस्याहरुलाई समयमै सावधान गरेर र आम जनताको सरकार हो भन्ने महसुस गराउन सत्य तथ्य जो जसले बिकाश निर्माणका कामहरु रोक्दै छ । ति मानव अधिकारवादी मानिसहरु कुन पार्टीमा आस्था राख्ने कुन संस्थाका कुन पदीय हैशियतमा छन् । यि यि मानिसहरुले विकाशका काममा अवरोध गरे भनेर जनतालाई जानकारी गराउदै काम अगाडी बढाको बढाई गर्नुपर्छ र विकाशको गतिलाई अगाडी बढाएर नेपालका लाखौ युवाहरु बिदेशी भुमिमा काम गरिरहेकाहरुलाई आ□नै देशमा रोजगार सृर्जना गरी स्वाभिमानी नेपाली स्वभिमानी देश बनाउन पछि पर्नुहुदैन ।

आम नागरिकले कहिल्यै बिकाशको काम रोकेको देखिदैन । नेपालका पार्टी विशेषका मानिसहरु जो कुनै न कुनै पार्टीको आस्था राख्ने र बिभिन्न संघ, संस्थाहरुमा काम गर्ने तिनै संघ, संस्थाहरुको नाममा देशको विकाश रोक्ने बाहाना बनेको छ । नेपालको विकाश यस्ता अनेकौ बाहाना बनाएर नरोकौं ।

# ऐतिहासिक ज्ञान महायज्ञ, जहा हिन्दूत्व जागिरहे छ

मोहन पोखरेल

मोहन पोखरेल



हिन्दुहरुका आराध्यदेव पशुपतिनाथको देश नेपालमा इतिहास मै अदभुत अबिस्मरणीय, अकल्पनिय तथा सवै भन्दा ठुलो बिराट ज्ञान महयज्ञ हुन गइरहेको छ। हिन्दु राष्ट्र, हिन्दु जनताको लागि यस बिराट ज्ञान महायज्ञको प्रभाव अबिस्मरणीय रहने मा कुनै दुईमत रहदैन ।१०८ कोटीहोम, शैक्षिक, धार्मिक तथा सांस्कृतिक तुलादान माघिमेला महाउत्सव एवंम संगीतमय, लिलामय, अष्टोत्तरशत (१०८) श्रीमदभागवत धनधन्याचल पृतिमोक्ष ज्ञान महायज्ञ गौरवमय पक्ष हुन् ।

प्रकृतिको सुन्दर देश नेपाल , देव देवताहरुको कृडास्थल नेपाल जहाँ कलकल बग्ने झरना र पवित्र नदी नाला बगेका छन् । कली नदी र त्रिशुली नदीको संगमस्थल देव घाट र नारायणी नदीको तटमा अवस्थित नारायणघाढ वास्तवमा देव भुमि नै हो ।

धर्म शास्त्रमा यस्तै बर्णन गरिएको छ। नारायणी नदी तथा तटिय शहर नारायणघाढ यसै कारणवाट पवित्र छन् । यसै नारायणी नदीको पवित्र किनारमा माघ ११ देखि फागुन ११ सम्म महिन ब्यापी बिराट ज्ञान महायज्ञ हुन लागेको हो ।

ज्ञान महायज्ञ, जहाँ १०८ कुण्डमा कोटीहोम हुदै छ। यसको प्रभाव अदित्य रहने मा कुनै शंका छैन । महायज्ञ पूर्वी दर्शनमा आधारित हुने र यसको वैज्ञानिक प्रभाव रहने निश्चित जस्तै छ। विश्व जगतमा बढ्दै गएको वातावरणीय प्रदुषण, जलवायु परिवर्तन र अन्य प्रदुशित बातावरणको प्रभाव हाम्रो प्रकृतिको सुन्दर देश नेपालमा परेको छ र यस्तो प्रदुषणले धार्मिक क्षेत्रमा समेत नकरात्मक प्रभाव परेको छ ।

हाम्रो पबित्र देशमा हिन्दुत्वको पहिचान मा खतराका संकेत देखिन थाले जस्तो छ। महायज्ञको प्रभावले हिन्दुत्वको पहिचान बढाएर नेपाललाई बिश्वमान चित्रमा हिन्दु सापेक्षता देश भनेर चिनारी गराउने नै छ। पशुपतिनाथ, मुक्तिनाथ र पबित्र देवघाट धामका साथै पाथिभरा आदि तिर्थस्थल हिन्दु नेपाल आमाका सम्पती हुन् । पबित्र काली नदी र त्रिशुली नदी को संगम पौराणीक कालमा देवी देवताहरुले स्नान गर्ने पबित्र घाट हो । भनिएको छ । त्यसैले देवघाट नामकरण गरिएको भन्ने धर्मशास्त्र मा बर्णन गरिएको छ । यसरी बातावरणीय खराब प्रदुषण रोक्न र धार्मिक दर्शनमा पर्न गएको नकरात्मक प्रभावलाई रोक्न कोटीहोम महायज्ञ प्रेरेणादायी बन्नेमा कुनै दुईमत छैन ।

नेपाल भ्रमण बर्ष २०२० को पावन अवसरमा धार्मिक पऱ्यटनको प्रवर्धन भरतपुर २३ जगतपुरस्थित श्री पशुपतिनाथ मन्दिरलाइ बृहत आमको रुपमा बिकाश गर्ने, चितवन मै पहिलो क्यानसर रोगवाट पीडित बिपन्न बर्गलाइ सहयोग गर्ने आयुर्वेदिक शिक्षालय स्थापना गर्ने महान उदेश्यका साथ कोटीहोम पीठाधिस धर्मपाल श्री गुरु वशिष्टको सान्निय धामा कोटिहोम गर्न लागिएको हो र यस्तो महान कार्य जलवायु परिवर्तन तथा न्युनिकरण गर्न र धार्मिक रुपमा हिदुत्व बचाउन एतिहासिक १०८ कुण्डीय कोटीहोम शैक्षिक, धार्मिक तथा सांस्कृतिक तुलादान, मेला महा्त्सव,एवंम संगीतमय, लीलामय, अष्टोत्तरशत १०८ श्रीभागवत धनधान्यचल पृतिमोक्ष बिराट मासिक ज्ञान महायज्ञ २०७६आयोजना गरिएको हो ।

ज्ञान बिज्ञानसँग पनि कोटीहोम महायज्ञ सम्बन्धित रहेकाले यस्तो यज्ञले जलवायु परिवर्तनमा कस्तो असर पार्न सक्ने रहेछ भन्नेमा आयोजक पक्षले बैज्ञानिक सर्बेक्षण गर्ने जनाइको छ । अमेरिकाको संसद ..सिनेट र अन्तरिक्ष संस्था नासाका बैज्ञानिकहरु समक्ष आयोजक पक्षले आफ्नो कोटीहोमको उदेश्यका बारे जानकारी गराइ सकेको र बैज्ञानिकहरुलाई महायज्ञमा उपस्थित हुन निमन्त्रणा गरिएको शनिवारको पत्रकार सम्मेलनमा जानकारी गरायएको एउटा सराहनिय पक्ष नै मान्नु पर्दछ ।

अत्यन्तै ठुलो धार्मिक महाउत्सव भएकाले छिमेकी मुलुक भारत लगायत धेरै देशका हिन्दु धर्मका आस्थावान र बिज्ञ सन्त महात्मा गुरुहरु नारायणघाट आउने क्रम बढीसकेको र पूर्व देखि पश्चिम सम्मका हिन्दु धर्मवलम्बी भक्तजनहरुको ओइरो लाग्ने र तिनिहरुको संरक्षणका लागि चार वटै अंगका सुरक्षा कर्मिहरु परिचालन गरिने आयोजक पक्षको दावी रहेको छ ।

यसरी राष्ट्रिय ज्ञान महायज्ञलाई सफल बनाउनका लागि यस यज्ञवाट पुण्य आर्जन गरी कृतना बन्न सवै श्रद्धालु भक्तजनहरु लगि अविस्मरणीय क्षण रहेको छ ।यस एतिहासिक महासंकल्पलाई पुरा गर्न, यस्तो पुणित कार्यमा सहभागि हुनका लागि गरिएको आयोजकको आग्रहलाइ यस स्तम्भकार पनि सवैसग हार्दिक अनुरोध गर्दछ ।

यसरी बातावरणीय खराब प्रदुषण रोक्न र धार्मिक दर्शनमा पर्न गएको नकरात्मक प्रभावलाई रोक्न कोटीहोम महायज्ञ प्रेरेणादायी बन्नेमा कुनै दुईमत छैन ।

नेपाल भ्रमण बर्ष २०२० को पावन अवसरमा धार्मिक पऱ्यटनको प्रवर्धन भरतपुर २३ जगतपुरस्थित श्री पशुपतिनाथ मन्दिरलाइ बृहत आमको रुपमा बिकाश गर्ने, चितवन मै पहिलो क्यानसर रोगवाट पीडित बिपन्न बर्गलाइ सहयोग गर्ने आयुर्वेदिक शिक्षालय स्थापना गर्ने महान उदेश्यका साथ कोटीहोम पीठाधिस धर्मपाल श्री गुरु वशिष्टको सान्निय धामा कोटिहोम गर्न लागिएको हो र यस्तो महान कार्य जलवायु परिवर्तन तथा न्युनिकरण गर्न र धार्मिक रुपमा हिदुत्व बचाउन एतिहासिक १०८ कुण्डीय कोटीहोम शैक्षिक, धार्मिक तथा सांस्कृतिक तुलादान, मेला महा्त्सव,एवंम संगीतमय, लीलामय, अष्टोत्तरशत १०८ श्रीभागवत धनधान्यचल पृतिमोक्ष बिराट मासिक ज्ञान महायज्ञ २०७६आयोजना गरिएको हो ।

ज्ञान बिज्ञानसँग पनि कोटीहोम महायज्ञ सम्बन्धित रहेकाले यस्तो यज्ञले जलवायु परिवर्तनमा कस्तो असर पार्न सक्ने रहेछ भन्नेमा आयोजक पक्षले बैज्ञानिक सर्बेक्षण गर्ने जनाइको छ ।अमेरिकाको संसद ..सिनेट र अन्तरिक्ष संस्था नासाका बैज्ञानिकहरु समक्ष आयोजक पक्षले आफ्नो कोटीहोमको उदेश्यका बारे जानकारी गराइ सकेको र बैज्ञानिकहरुलाई महायज्ञमा उपस्थित हुन निमन्त्रणा गरिएको शनिवारको पत्रकार सम्मेलनमा जानकारी गरायएको एउटा सराहनिय पक्ष नै मान्नु पर्दछ ।

अत्यन्तै ठुलो धार्मिक महाउत्सव भएकाले छिमेकी मुलुक भारत लगायत धेरै देशका हिन्दु धर्मका आस्थावान र बिज्ञ सन्त महात्मा गुरुहरु नारायणघाट आउने क्रम बढीसकेको र पूर्व देखि पश्चिम सम्मका हिन्दु धर्मवलम्बी भक्तजनहरुको ओइरो लाग्ने र तिनिहरुको संरक्षणका लागि चार वटै अंगका सुरक्षा कर्मिहरु परिचालन गरिने आयोजक पक्षको दावी रहेको छ ।

यसरी राष्ट्रिय ज्ञान महायज्ञलाई सफल बनाउनका लागि यस यज्ञवाट पुण्य आर्जन गरी कृतना बन्न सवै श्रद्धालु भक्तजनहरु लगि अविस्मरणीय क्षण रहेको छ ।

यस एतिहासिक महासंकल्पलाई पुरा गर्न, यस्तो पुणित कार्यमा सहभागि हुनका लागि गरिएको आयोजकको आग्रहलाइ यस स्तम्भकार पनि सवैसग हार्दिक अनुरोध गर्दछ ।

## नारायणगढ...

सर्पोटिभ भएको बताउनु हुदै आजका दिनमा यातायातका साधनहरु अत्यावश्यक भईसकेको बताउनु भयो ।

उहाँले नेपालको निर्यात बढन नसकेको मात्र होइन राजश्वको प्रमुख श्रोत नै बस्तुहरुको आयात भएको र नेपालमा आउने रेमिटान्स समेत घटिरहेको भन्दै चिन्ता प्रकट गर्नु भयो । सोही छलफलको क्रममा उहाँले अटोमोवाइल व्यवसायीहरुले सार्वजनिक सवारी साधन, व्यक्तिगत रुपमा प्रयोग हुने सवारी साधन र हेवि इक्यूपमेण्टसगरी तीन किसिमबाट प्रस्तुत हुनु पर्ने सुझाव समेत दिनु भयो ।

व्यवसायी, बैङ्क तथा वित्तीय निकायहरुकै राय सझावहरुलाई मनन गर्दै यो निर्देशन ल्याइएको गर्वनर नेपालले बताउनु भयो । उक्त छलफलमा नाडाका अध्यक्ष कृष्णप्रसाद दुलाल लगाएत नाडाका निबर्तमान अध्यक्ष शम्भुप्रसाद दाहाल, उपाध्यक्ष करण चौधरी, महासचिव सुनिल रिजाल, सहकोषाध्यक्ष विक्रम सिंहानिया र केन्द्रीय कार्य समिति सदस्य दीपक अग्रवाल समेतको उपस्थिति रहेको थियो ।

## ३ न...

देखाउछ । यस्तै घटनाहरु बिगतका सरकारहरुले पनि गर्ने गर्थे । त्यसैको पुनराबृति गर्ने गरी अहिलेको सरकारले पनि संविधान र जनताको भावना बिपरित कामहरु गरिरहेको देखिन्छ । यो नेपाल र नेपालीहरुको लागि सुभ संकेत होइन । यही अवसरमा बिरोध हुन्छ भनेर प्रेस काउन्सिल मिडिया बिधयेक यही बेलामा सदनमा पेश गरिएको छ । पत्रकारहरुले अव देशका जनताले व्यहोर्नु परेका पीडा अप्ठ्यारा नलेखुन र सरकारले गरेका गल्तीहरु नलेखुन भनेर उक्त कार्यलाइ अगाडी बढाएको देखिन्छ। नेकपा नेकपाले अर्को चलाखी के गरेको देखिन्छ भने अरुले बिरोध नगरुन् र आफ्नै पार्टीका नेताहरुलाइ बिरोध गर्न लगाएर भित्रभित्रै प्रदेशको राजधानी हेटौडालाइ नै कायम गराउने दाउमा रहेको देखिएको छ ।

नेकपा नेकपाका नेताहरु बिशेष गरेर दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली,काभ्रे, नुवाकोट, धादिङ, ललितपुरलगायत जिल्लाहरुमा नेकपा नेकपाले २०७४ को प्रतिनिधिसभा र प्रदेशसभामा प्रप्त गरेको एकलौटी मत जोगाउन तिनै जिल्लाका नेताहरुलाइ बिरोध गरेको जस्तो गराउने र हेटौडामा राजधानी राखेरै छाड्ने दाउमा नेकपा नेकपा देखिन्छ। नेकपा (नेकपा)को यस्तो कार्य ३ न. प्रदेशका जनताहरुको बिरुद्धमा देखिन्छ ।

यता कांग्रेस पार्टीका केही नेताहरुले ३ न. प्रदेशको राजधानी सवैलाइ पायक पर्ने ठाउँमा सार्नुपर्छ भनेपनि केही नेताहरु चै कांग्रेसले नेतृत्व गरेको सरकारको पालामा अस्थाइ राजधानी हेटौडामा राख्ने निर्णय गरेको थियो । त्यसैलाई निरन्तरता कायम गराउन लागेको देखिन्छ । जसको कारण ३ न. प्रदेशको राजधानीको बिषयले भबिष्यमा नेकपा (नेकपा) र नेपाली कांग्रेलाई ३ न. प्रदेशका जनताले राम्रैसँग बहिष्कार गर्ने सम्भावना बढी छ । भने यो बिषयले ३ न. प्रदेशमा बैकल्पिक शक्तिको खोजिमा जनताहरु रहेको देखिन्छ । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको जिल्ला रामेछापवाट नेकपा (माले), संयुक्त राप्रपा, राप्रपा लोकतान्त्रिक, लगायत दलहरुले ३ न. प्रदेशको राजधानीको बिषयमा बिभिन्न तरिकावाट आन्दोलनका कार्यक्रम गर्ने जानकारी दिइसकेका छन् । दोलखामा आन्दोलनको तयारी भइरहेको, नुवाकोटमा ३ न. प्रदेशको राजधानी पायक पर्ने ठाउँमा नसारे भिषण आन्दोलन गर्ने तयारी भइरहेको स्वतन्त्र नागरिक समाजले जानकारी दिएको छ ।

यस्तै अवस्था सृर्जना भइराख्ने हो भने संघियताका बिरोधि पक्षले पक्कै पनि जनताको आर्कोशलाई मलजल गर्न सक्छ भन्ने सजिलै अनुमान लगाउन सकिन्छ ।

वर्तमान सरकार नै संघियता धरापमा पार्न लागेको आरोप लागिरहेको बेला थप यस घटनाले सरकारले गरेको षऱ्यन्त्रपुर्वक ३ न. प्रदेशको राजधानी हेटौडामा राख्न बलजफ्ती गर्नु बिगतको सरकार भन्दा पनि जनबिरोधि सरकार भएको भनेर जनताहरुले आरोप लगाउन थालेका छन् । सरकारका गतिबिधि हेर्दा र काम गर्ने शैली पनि त्यस्तै देखिदा स्याल कराउनु र कुखुरा हराउनु उस्तै समय परे जस्तै गरी नेपालको स्थाइ शान्तिमा नै असर पुग्ने सम्भावना बढेर गएको छ । नेपाल भ्रमण बर्ष २०२० मनाइ राखेको अवस्थामा ३ न. प्रदेश जो नेपालको केन्द्रीय राजधानी पनि भएको ठाउँ भएको हुदा यहाको हरेक कारण र प्रभावले सिंगो देशमा प्रभाव पर्ने हुदा समयमा नै सम्बन्धित पक्षहरुले ३ न. प्रदेशका झण्डै १ करोड जनसंख्या भएको प्रदेशको राजधानीमा सावधान अपनाएर काम गर्नुपर्ने देखिन्छ ।

## महायज्ञ..

सम्म तिव्र प्रचार प्रसार भइरहेकोले भक्तजनको संख्यामा बढ्दै जाने र यस महायज्ञवाट सत्यको उदघोष हुने उहाको भनाई थियो ।

कार्यक्रम आयोजना गर्न लागिएको जानकारी महायज्ञ सवै भक्तजनको पाएक पर्ने स्थानमा हुन गइरहेकाले नारायणी नदी किनार तथा सम्पुर्ण नारायणगढ बजार मानव सागरले भरिने र चारवटै अङगका सुरक्षाकर्मीलाई महायज्ञ संस्थाको जिम्मेवारी दिइने जानकारी पत्रकार सम्मेलनमा गराइएको थियो । बिचित्रको दृष्य देखिने गरी देश बिदेशवाट ख्यति प्रप्त सन्त महन्तहरुको आगमन हुने र यो बृह्रत हिन्दु सम्मेलन बन्ने जानकारी गराईएको थियो । ज्ञान यज्ञमा निशुल्क: ब्रतबन्धको व्यवस्था, रु ५००० मा विवाह गराउने सम्मको व्यवस्था मिलाइएको र ज्येष्ठ नागरिकको सम्मानमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको व्यवस्था मिलाईएको, राष्ट्रियस्तरका टेलिभिजनवाट महायज्ञमा भएका सवै कार्यक्रमहरुको प्रत्यक्ष प्रशारण गरिने व्यवस्था मिलाईएको पनि जानकारी दिएको थियो । पत्रकारहरुलाई जानकारी गराउदै आयोजक पक्षवाट महायज्ञको व्यवस्थापन खर्च ३ देखि ५ करोड सम्म पुग्ने अनुमान गरिएको कार्यक्रमको समापन गदै बाल योगेश्वर महाराजजीले माघ ११ गते ११ बजे १०८ तिर्थस्थलको जल सहित मुक्तिनाथ हुदै कार्यक्रमस्थल सम्म १०८ गौमाताको दुध धारा सहित हेलिकप्टरवाट पुष्प बृष्टि गरिने जानकारी दिएको थियो । अन्तमा नेपाल पत्रकार महासंघ चितवन शाखालाइ ५ लाँख ५५ हजार सहयोग गर्ने बताउदै कार्यक्रमको समापन भएको थियो । सवै भक्तजनहरुलाइ यस मार्षिक अनुष्ठानमा सहभागी हुन महायज्ञ समारोह समितिले आग्रह गरेको छ ।

अहिले सम्म कै सवैभन्दा ठुलो र आकर्षक मानिने यस धनद्यान्यचल महायज्ञमा श्रद्धालु भक्तजनहरुको आकर्षण बढीरहेको छ। महायज्ञमा हजारौ हजारको उपस्थिति रहने र महायज्ञ आकर्षणको थलो बन्ने निश्चित जस्तै छ। सवै श्रद्धालु भक्तजनको आकर्षण केन्द्र धान र चामलको पर्वत रहने छ ।

# बजारको माग र उधोगको आपुर्ति हेर्दा सन्तुष्ट छौं

*आकाश थापा उपदेश हर्बल उधोग प्रा.लि. का प्रबन्धक निर्दिशक हुनुहुन्छ । उहाको जन्म बि.स. २०४० साल असोज २५ गते नुवाकोट जिल्लाको बालकुमारी गा.बि.स. वाडन.२ मा भएको हो । सोही गाउँमा रहेको श्री कल्याण माध्यमिक बिध्यालयवाट शैक्षिक यात्रा शुरु गर्नुभएका थापाले केही समय काठमाडौंको धापासीमा बसोबास गर्न पुग्नुभयो । तिलिङगाटार मा.बि बाट एस.एल.सी. पास गर्नुभएका थापा २०५८ सालमा चितवन आएर मार्केटिङ ब्यवसायमा लाग्नुभयो । परिश्रमले उहालाई साथ दिदैं गयो । २०६४ सालमा उहाको आफ्नै लगानीमा खोलिएको उपदेश हर्बल उधोग प्रा.लि.ले प्रसस्त मुनाफा गरेको छ । धेरैं प्रकारका आयुर्वेद औषधी प्रा.लि.ले उत्पादन गरेको छ । यसैं सेरोफेरोमा उहाका अनुभव* ***जनआकाश साप्ताहिक****का मोहन पोखेलले लिनुभएको अन्र्तवार्ता प्रस्तुत गरेका छौं ।*



**आकाश थापा**
**प्रबन्धक निर्देशक, उपदेश हर्बल उधोग प्रा.लि.**

**उपदेश हर्बलवाट उत्पादित आयुर्वेदिक औषधीवाट उपभोक्ता हरुले के कस्तो प्रतिकृया दिएका छन् ?**

हामीले सर्वप्रथम शुरु शुरुमा थोरै प्रकारका औषधी उत्पादन गर्‍यौ । बजारमा आम उपभोक्ताको माझ पठायौ । हाम्रो उत्पादन राम्रो ठरिएकाले बजारमा औषधीको माग बढ्न थाल्यो । हामीलाइ हौशला मिल्दै गयो ।सानो लगानीवाट शुरु गरेको उधोगले देशका हरेक कुनामा आफ्ना उत्पादन पुर्‍याउन सफल भएको छ । हाम्रो उधोग देश ब्यापी भएको छ । उपभोक्ताहरुको माया ममता र हाम्रो उत्पादनको विश्वसनीयताका कारण हामीलाइ हौशला मिलेको छ ।

**महको माग बढीरहेको छ । त्यसैले यसको प्रभावकारिता पनि बढीरहेको छ । निरन्तर उपदेश सुद्ध महको सेवनवाट रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउछ ।** (pull-quote below)

**मह भन्ने बित्तिक्कै हामी सवैलाइ थाहा भएकै कुरा हो । यसले स्वास्थ्यलाइ तनदुरुस्त बनाउछ । अहिले बजारमा विभिन्न कम्पनीहरुले मह उत्पादन गदै आएका छन् । उपभोक्ताको माग के छ भन्ने कुरा उसको उत्पादन प्रकृयाले देखाउछ । हामीले उपदेश सुद्ध मह सिधै कृषक मार्फत समन्व गरी त्यसको गुणस्तरको परिक्षण गरेका छौ । जसवाट यस महले उपभोक्ताहरुको मन जित्न सफल भएको छ । महको माग बढीरहेको छ । त्यसैले यसको प्रभावकारिता पनि बढीरहेको छ । निरन्तर उपदेश सुद्ध महको सेवनवाट रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउछ ।**

तपाइहरुले उत्पादन गरेका औषधी सवै ठिकछन् भन्न खोज्नु भएको छ , ठिक हुनका केही कारण दिनुहोस न ?हामीले हाम्रा उत्पादनको गुणस्तरीयतामा बढी ध्यान केन्द्रीत गरेका छौं । संवर्धनात्मक र प्रवर्न्धकआत्मक तरिकावाट बिकाश गरेका छौ । कच्चा पदार्थ देखि औषधी उत्पादनको प्रकृया सम्म सुस्म अध्ययन र अनुसंन्धान गरेका छौ । समय अनुसार परिस्कृत र परिमार्जन हुन जानेका छौ । अहिले हामी औषधी उत्पादनको जि.एम.पी. गाइड लाइन मार्फत सम्पूर्ण मेशनरी पलान्ट SOS सिस्टमवाट अगाडी बढेका छौ । हाम्रो मेहनत, अनुभव, दक्ष जनशक्ति र अनुसन्धानले हाम्रो उधोगवाट उत्पादन आयुर्वेदिक औषधीहरु गुणस्तरीय छन् ।

**एउटा शक्तिमिट नामक नयाँ नाम सुनिएको छ, यौन दुर्बलताको लागि भनिएको छ । यस औषधीको उत्पादन प्रकृया बारे केही बताइदिनुस न ?**

यसको उत्पादनका लागि हामी तदारुकताका साथ लागिपरेका छौ । जलवायु परिवर्तन र बिषादियुक्त खाद्यान्नका कारण मानिसहरुको सरीरमा हुने रोग प्रतिरोधात्मक क्षमतामा कमी आइ बिभिन्न रोगको शिकार हुनुपरेको छ । यसै परिप्रेक्ष्यमा शक्तिसाली जडीबुटी को शुद्धिकरण र प्रशोधन गरी प्रतिरोधात्मक क्षमतामा बृद्धि गर्ने लक्ष्यका साथ यौन दुर्लबतावाट निरास भएका आम उपभोक्ताका लागि यो औषधी रामवाण सावित हुने बिश्वास लिएका छौ ।

**धेरै नाम गरेका चुर्णहरु तपाइहरुले उत्पादन गर्नुभएको छ, प्रभावकारी कति भएको र यसको बर्गिकरण गर्नुभएको छ ?**

हामीले शुरुको अवस्थामा उत्पादन गरेको चुर्णहरु न्यून हुन्थ्यो । व्यवसायीहरुसँग निरन्तर आग्रह गरेर बजारीकरणको शुरुवात गर्‍यौ । त्यसमा अझ आयुर्वेदिक औषधी पनि हुन्थे । यस उधोगवाट उत्पादित आयुर्वेदिक चुर्ण नै बढी प्रभावकारी भएको ठहर भयो । अहिले हाम्रो उधोग यस अवस्थामा आइपुगेको हो । सघर्षले नै जिवनको बाटो देखाउछ भने झै हाम्रो निरन्तर सघर्ष र व्यवसायीको मागको हौशलाले उर्जा मिलेको छ । गुणस्तरीय उत्पादन कसरी दिन सकिन्छ भनेर हामी लागि पर्‍यौ । उपभोक्ताहरुले प्रशंसा गदै किन्दै जानुभयो त्यसकारण चुर्णहरुको अहिले सम्म कुनै कमप्लेन नआएको हुनाले त्यसको बर्गीकरण गर्नुपरेको छैन ।

**उपदेश शुद्ध महको उत्पादन गर्नुभएको छ, यसका फाइदाहरु के के हुन् ?**

मह भन्ने बित्तिक्कै हामी सवैलाइ थाहा भएकै कुरा हो । यसले स्वास्थ्यलाइ तनदुरुस्त बनाउछ । अहिले बजारमा विभिन्न कम्पनीहरुले मह उत्पादन गदै आएका छन् । उपभोक्ताको माग के छ भन्ने कुरा उसको उत्पादन प्रकृयाले देखाउछ । हामीले उपदेश सुद्ध मह सिधै कृषक मार्फत समन्व गरी त्यसको गुणस्तरको परिक्षण गरेका छौ । जसवाट यस महले उपभोक्ताहरुको मन जित्न सफल भएको छ । महको माग बढीरहेको छ । त्यसैले यसको प्रभावकारिता पनि बढीरहेको छ । निरन्तर उपदेश सुद्ध महको सेवनवाट रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउछ । रुघा, खोकी, कोलेस्ट्रोल बढ्न दिदैन । सरीरलाइ आवाश्यक पर्ने सवै तत्वहरुको पुर्ति हुने हुदा महको उपयोग अनिवार्य छ ।

**उपदेश सिलाजित पनि उत्पादन गर्नुभएको छ, जुम्लावाट आउने शिलाजित भन्दा पनि ओर्जिनल छ ? भए कारण दिनुहोस् ।**

याहाले भनि सक्नुभयो शिलाजितको बिषयमा । आम उपभोक्तालाइ जानकारी नहुन पनि सक्ला, शिलाजित आफैमा एउटा रसायन हो । यसले मानव शरीरलाइ आवाश्यक पर्ने सवै खाले रसायनको पुर्ति गर्दछ । यो प्रभावकारी औषधी हो । हाडजोर्नीलाइ मजबुद र बलियो बनाउछ । ग्याष्ट्रिक जन्य रोग पिसावको खरावी र सुगरका रोगीलाइ यस्तो ओषधी प्रभावकारी मानिन्छ । जहासम्म जुम्ली शिलाजितको कुरा छ, त्यसको पुष्टमा निर्भर हुने कुरा हो । शास्त्रिय विधि अनुसार सोधन गरी उत्पादन गरिएको हुनाले शास्त्रमा उल्लेख भए अनुसार नै यसको गुणस्तरियता कायम हुन्छ जन्य रोग पिसावको खरावी र सुगरका रोगीलाइ यस्तो ओषधी प्रभावकारी मानिन्छ । जहासम्म जुम्ली शिलाजितको कुरा छ, त्यसको पुष्टमा निर्भर हुने कुरा हो । शास्त्रिय विधि अनुसार सोधन गरी उत्पादन गरिएको हुनाले शास्त्रमा उल्लेख भए अनुसार नै यसको गुणस्तरियता कायम हुन्क जन्य रोग पिसावको खरावी र सुगरका रोगीलाइ यस्तो ओषधी प्रभावकारी मानिन्छ । जहासम्म जुम्ली शिलाजितको कुरा छ, त्यसको पुष्टमा निर्भर हुने कुरा हो । शास्त्रिय विधि अनुसार सोधन गरी उत्पादन गरिएको हुनाले शास्त्रमा उल्लेख भए अनुसार नै यसको गुणस्तरियता कायम हुन्छ । हामीले उत्पादन गरेको शिलाजित त्यही प्रकारको हो ।

**चन्दनादी चुर्णका खास बिशेषता के के हुन ?**

यो पनि शास्त्रिय विधिवाट उत्पादन गरिएको औषधी हो । यसको प्रयोग रक्तपदर, रक्तार्स र रक्तपित्त लगायतका रोगमा प्रयोग गर्न सकिन्छ ।

**अर्सेनिल चुर्णं र अर्सेनिल तेलले पाइल्स र फिसर संवन्धि रोगको निवारण गर्छ भनिएको छ , आखिर चुर्णमा के फरक छ ?**

मैदाजन्य र सुख्खा खानेकुरा बिशेष गरी चाउचाउ, चटपटे लगायतका खानेकुराहरुको अधिक प्रयोगले पेटमा कब्जियतके समस्या आउछ त्यैका कारण हाम्रो मलद्धारमा मासुको डल्लो जस्तो बस्तु बहिर निस्कन्छ । जसलाइ हामीले पाइल्स भन्दछौ । इन्फेक्शन रोक्नको लागि यो औषधी प्रभावकारी मानिन्छ । अर्को याहाले चुर्ण र तेलको भिन्नताका बारेमा सोध्नुभयो अर्सेनिल चुर्ण मानव शरीरको भित्री समस्याको लागि निठो बनाउने औषधी अर्सेनिल तेल हो । यसका आ-आफ्नै बिशेषता छन् ।

**तपाइको कम्पनीले धेरै प्रकारका आयुर्वेदिक औषधी उत्पादन गर्नु भएको छ , प्रगति कस्तो छ ?**

हामीले उत्पादन गरेका औषधीहरु सफल भइरहेका छन् । जहासम्म पुर्ण सफलताको कुरा उठाउनु भयो, मानिस आफैमा असन्ताषी प्रणी हो । उ कहिल्यै पनि सफल हुन सक्दैन । एक पछि अर्को समस्या पैदा हुने हुदा र बिकाशक्रमलाइ निरन्तरता दिनुपर्ने हुदा उ पुर्ण सफल बन्न सक्दैन । तर पनि उपदेश हर्बल प्रा.लि.ले आम उपभोक्ताको मन जितेको छ । औषधीहरुमा गुणस्तिरियताको सकरात्मक प्रभाव परेको छ । राज्यको स्पष्ट नीति र प्रणालीले साकार रुप लिएको खण्डमा बजारीकरणको पहुच पुग्ने छ ।

**सवै कुरामा तपाइ सन्तुष्ट हुनुहुन्छ भन्ने एक या दुइ जना बिरामीको भनाइलाइ आधार मानेर आफ्नो धाराणा राख्नुहोस् ?**

हामी हाम्रो उत्पादनमा अत्यन्त बिस्वस्त छौ । किनभने गुणस्तरीय उत्पादन नै हाम्रो चिनारी हो । बजारको माग र उधोगको आपुर्ति हेर्दा हामी सन्तुष्ट छौं । तर पनि कतिपय अवस्थामा यसलाइ अरु परिस्कृत र सुदृढीकरण गर्न आवाश्यक छ । आयुर्वेदिका औषधीको प्रयोग र यसका फाइदका बिषयमा आम जन समुदायमा चुतना बृद्धि हुदै गइरहेको हुनाले असन्तुष्ट हुने भन्ने त कुरा नै रहदैन । जहासम्म यहाले बिरामी ठिक भएको रिर्पोटको कुरा गर्नु भयो , त्यो त उपचार गर्ने गर्ने केन्द्रहरुमा भर पर्ने कुरा हो । बजारमा रहेका आयुर्वेदिक क्लिनिक, आयुर्वेदिक हस्पिटल, र आयुर्वेदिक औषधालय मार्फत यस्ता कुराहरु भनिने हुन् । उपदेश हर्बल प्रा.लि.को औषधीले बिरामीहरुको रोगमा प्रभावकारी काम गरिएको भन्ने तथ्याङकको आधारमा सवै बिषय केन्द्रीत रहने जानकारी गराउद छु ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१–४४३४११३

# तिनाउ इन्टरनेशनल हस्पिटलसँग एन आई सी एशियाको सम्झौता

एन आई सी एशिया बैंक लिमिटेड र तिनाउ इन्टरनेशनल हस्पिटल प्रा.लि. बुटवल, बिच एन आई सी एशिया बैंकका सम्पुर्ण ग्राहक महानुभावहरु र बैंकका



कर्मचारीहरुलाई अस्पतालमा उपचार गराउँदा बैंकका डेबिट एवं क्रेडिट कार्डवाहक सम्पूर्ण ग्राहकवर्गलाई विभिन्न सेवा सुविधाहरुमा १०% देखि १५% सम्मको छुट प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट प्रदेश नं. ५ को बैंकको प्रादेशिक कार्यालयका प्रमुख तिलक सुन्दर कार्की र तिनाउ इन्टरनेशनल हस्पिटलको तर्फबाट हस्पिटलका प्रबन्ध संचालक बिमल प्रसाद श्रेष्ठले हस्ताक्षर गरेका छन्। उक्त सम्झौता पछि ग्रहकहरुले तिनाउ हस्पिटलामा सेवा सुबिधा प्रप्त गर्ने छन्।

# मुक्तिनाथ विकास बैंकको विभिन्न कार्यक्रम

मुक्तिनाथविकास बैंक लि.ले १३ औं वर्ष पार गरी १४ औं वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न कार्यक्रम गरेको छ। उक्त अवसर पारेर बैंकले




डिजिटल माध्यमद्धारा एकैसाथ १८ वटा शाखाको केन्द्रीय कार्यालयबाटै उदघाटन गरेको छ। काठमाडौंको बत्तिसपुतली, ललितपुरको भैंसेपाटी, नुवाकोटको बट्टार, कास्कीको नदीपुर र बेगनासताल, तनँहुको आँबुखैरेनी, लमजुङ्गको बेसीशहर, चितवनको टाँडी, नवलपुरको गैंडाकोट,पाल्पाको रामपुर, दाङ्गको लमही, बाँकेको कोहलपुर, कैलालीको लम्की र धनगढी,झापाको काँकरभिट्टा, ईलामको इलाम, धनकुटाको धनकुटा, सुनसरीको दुहवीमा औपचारीक रुपमा शाखा उदघाटन गरेको हो। उक्त समारोहको उदघाटन बैंकका अध्यक्ष भरतराज ढकालले गर्नुभएको हो। यसैगरी, उक्त उद्घाटन समारोहमा अध्यक्ष ढकालले सदैव गुणस्तरीय सेवा प्रदान गर्दै अगाडी बढ्ने र विभिन्न वित्तीय तथा गैर वित्तीय सेवाको माध्यमद्धारा देशको अर्थतन्त्र र आवश्यकतामा बैंकले पनि योगदान दिने प्रतिबद्धता व्यक्तगर्नु भयो। उद्घाटन समारोहमा बैंकका पूर्व सञ्चालकहरु, वर्तमान सञ्चालकहरु, संस्थापक सेयरधनी तथा बैंकका उच्च पदाधीकारीहरुको उपस्थिति रहेको थियो। साथै, बैंकले देशका सातै प्रदेशका क्षेत्रीय शाखाहरुमा विभिन्न सामाजिक उत्तरदायित्व कार्यक्रमहरु गरेको छ, जस मध्ये, विभिन्न विद्यालयका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण, विद्यालयमा स्टेशनरीका सामाग्रीहरु फर्नीचर वितरण, विभिन्न अनाथलय तथा वृद्धाश्रममा खाद्यान्न लत्ताकपडा वितरण,चेपाङ्ग संरक्षण समितिलाई खाद्यान्न वितरण, विभिन्न ठाउँहरुमा डस्वीन वितरण, तराईका शीतलहरबाट प्रभावित क्षेत्रहरुमा कम्बल वितरण, एम्बुलेन्सलाई आवश्यक मर्मत सम्भार, अस्पतालमा विरामी कुरुवा बस्ने कुर्सी सहयोग गरेको छ। त्यसैगरी बैंकले वाग्मती सरसफाई, गोदावरी सरसफाइ तथा पोखरा उपत्यका सरसफाई अभियानका लागि आवश्यक पर्ने सामाग्रीहरु पनि वितरण गरेको छ।यसै अन्तर्गत बैंकका क्षेत्रीय/शाखा कार्यालयहरुले वृहत रक्तदान कार्यकम पनि सञ्चालन गरेका छन्।




बैंकले काठमाडौंको कमलादी, काभ्रेको बनेपा, धादिङ्गको धादिङ्ग बेशी, रुपन्देहीको बुटवल, धनुषाको जनकपुर र कास्कीको नदीपुर शाखा कार्यालयहरुमा वृहत रक्तदान कार्यकम पनि सञ्चालन गरेको वैकले नै जानकारी दिएको हो। बैंकले रक्तदान कार्यकमबाट कुल ४३० पोका रगत संकलन गरेको छ। बैंकले वार्षिक उत्सवको अवसरमा गरेका माथि उल्लेखित सामाजिक उत्तरदायित्व कार्यक्रमहरुका लागि कुल ८००,०००/- बराबरको खर्च गरेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङ्गले जानकारी दिनुभएको हो। मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदानगर्दै आई रहेको छ। साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदानगर्दै आई रहेको उल्लेख गर्दै आएको छ।

# कामना सेवाको १३ औं वार्षिक साधारणसभा सम्पन्न

कामना सेवा विकास बैंक लिमिटेडको १३ औं वार्षिक साधारणसभा मिति पुस १७ गते बिहीबारका दिन काठमाडौंको डिल्लीबजार स्थित अमृत भोग क्याटेरर्समा मा सम्पन्न भएको छ। प्रविधिको स्तरोन्नती, नयाँ ग्राहक भित्राउन तथा व्यवसाय विस्तारको निमित्त बृहत शाखा सञ्जाल एवं दक्ष तथा अनुभवी जनशक्ति प्राप्तिमा गरिएको लगानी आदिका बाबजुद यस आर्थिक वर्षका नाफाबाट ६.८ प्रतिशत प्रतिफल प्रदान गर्न सफल भएको बैंकका अध्यक्ष्य सुदिप आचार्यले बताउनु भएको थियो। उक्त साधारणसभाले आर्थिक वर्ष २०७५/०७६ को मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. २,५४,०१,९५,३५२.०० को ६.८ प्रतिशतका दरले हुनआउने रकम रु.




१७,२७,३३,२८४/( नगदलाभाँश वितरणगर्ने सम्बन्धी प्रस्ताव पारित गरेको छ।

बैंकका अध्यक्ष्य सुदिप आचार्यले उक्त साधारणसभामा बैंकको आर्थिक वर्ष २०७५/०७६ को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु र देशको आर्थिकतथा बैकिङ्ग क्षेत्रको वर्तमान अवस्था प्रस्तुत गर्नु भएको थियो। साथै, बैंकले गरेका रणनीतिक लगानीबाट भविष्यमा दिगो प्रतिफल आर्जन गरी बैंकलाई अझै सवल, सक्षम र सुरक्षित बैंकको रुपमा स्थापित गर्नमा टेवा पुग्ने उक्त साधारण सभामा बताउनुभयो।

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुनेगरी कार्यक्रम संचालन गरेको तथा बैंकको दीर्घकालिन रणनीति प्रस्तुत गर्दै यस बैंकलाई अत्याधिक प्रतिस्पर्धात्मक वजारमा एक अब्बल विकास बैंकको रुपमा स्थापित गराउने कार्ययोजना सहित अगाडिबढेको बताउनु भएको थियो।

बैंकका अध्यक्ष्य सुदिप आचार्यको अध्यक्ष्यतामा बसेको साधारणसभामा बैंकका सञ्चालक चतुराखर अधिकारीले शेयरधनी महानुभावहरु ल्गायतको उपस्थित रहेको थियो। सबैलाई मन्तव्य मार्फत स्वागत गर्नु भएको थियो भने सञ्चालक भिम प्रसाद तुलाचनले धन्यवाद ज्ञापन गर्नु भएको थियो। शेयरधनीहरुले उठाउनु भएका विभिन्न जिज्ञासाहरुको जवाफ बैंक सञ्चालक समितिका अध्यक्ष्यी सुदिप आचार्य र प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले दिनु भएको थियो भने कार्यक्रमको सञ्चालन कम्पनी सचिव हरि प्रसाद लम्सालले गर्नुभएको थियो।

## हार्दिक शुभकामना

**नेपाल भ्रमण वर्ष २०२० को शुभ अवसरमा नारायणगढमा हुन गइरहेको विशाल महायज्ञको पुर्ण सफलताको शूभकामना ब्यक्त गर्दछु।**

कृष्णप्रसाद सापकोटा
**दमक ट्रेडर्स**
गैडाकोट–५, नवलपुर

## हार्दिक शुभकामना

**नेपाल भ्रमण वर्ष २०२० को पावन अवसरमा ऐतिहासिक कोटिहोम महायज्ञ धार्मिक पर्यटनको आधार सफलताको हार्दिक शूभकामना।**

टेकबहादुर गुरुङ
**पूर्व प्रहरी निरिक्षक**
रामनगर–१, चितवन

## जलदेवी सामुदायिक वनको आकर्षण




***जिप लाइन***

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं।**

***आकर्षणहरु***

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट।**

# बैकिङ्ग संसार

## इनरुवामा प्रभु बैंक लि. को एक्स्टेन्सन काउण्टर

प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा सुनसरी जिल्लाको इनरुवा नगरपालिकास्थित वडा नं १ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ। सुनसरीस्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको मिति २०७६ पौष १६ गते सुनसरीका प्रमुख जिल्ला




अधिकृत राजेश पौडेलले उदघाटन गर्नुभएको हो।

नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यलयमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ। प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ। प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ।

प्रभु बैंकले २०२ वटा शाखा कार्यालय, १५२ वटा ATM, ४० वटा एक्स्टेन्सन काउण्टर तथा १७ वटा शाखा रहित बैंकिङ्ग सेवा मार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ।

## प्रुडेन्सियल इन्स्योरेन्सले सहयोग बितरण गऱ्यो

काठमाडौं, विशाल ग्रुप फाउन्डेसन र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको सहयोगमा बाराको मुसहर बस्तीमा न्याना सामान वितरण गरिएको छ।




यस अन्तर्गत बारा जिल्लाको महागढीमाई नगरपालिकाको तेलकुवामा न्याना सामग्री वितरण गरिएको हो। सो ठाउँ गत वर्षको विनाशकारी आँधीबाट नराम्ररी तहसनहस भएको क्षेत्र हो। तेलकुवाको वडा नं. २ र ७ को मुसहर बस्तीमा प्रत्येक घरलाई एक-एक थान ज्याकेट, कम्बल, ट्र्याकसुट, टोपी र पुरी-तरकारी वितरण गरिएको हो।

महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव, बाराका प्रहरी उपरीक्षक विकाशराज खनाल र कम्पनीका प्रमुख कार्यकारी अधिकत वीरकृष्ण महर्जनबाट राहत सामग्री वितरण गरिएको कम्पनीको विज्ञप्तिमा उल्लेख छ।

## कृषि बिमा सवै ईन्सुरेन्स कम्पनीलााई बाडफाड

काठमाडौं। बिमा कम्पनीहरुको नियमनकारी निकाय बिमा समितिले कृषि बिमा गाउँगाउँमा पुर्याउन बिमा कम्पनीहरुलाई जिल्लाहरु बाडफाड गरि दिएको छ।

कसको भागमा कुन जिल्ला ?

,जनरल इन्स्योरेन्स कम्पनी स्रसुवा, सिराहा र पर्सा
अजोड इन्स्योरेन्स गुल्मी, पर्वत, पूर्वरुकुम र रौतहट
एभरेष्ट इन्स्योरेन्स कम्पनी कालीकोट, दैलेख, सुर्खेत र बर्दिया
सगरमाथा इन्स्योरेन्स कम्पनी मुगु, जाजरकोट र जुम्ला
एनएलजी इन्स्योरेन्स डोल्पा, पश्चिम रुकुम, सल्यान र बाँके,
प्रभु इन्स्योरेन्स मुस्ताङ, म्याग्दी, बाग्लुङ र स्याङ्जा
सिद्धार्थ इन्स्योरेन्स मनाङ, कास्की, पाल्पा र रुपन्देही
राष्ट्रिय बिमा कम्पनी बझाङ, डोटी र कैलाली
युनाइटेड इन्स्योरेन्स कम्पनी हुम्ला, बाजुरा र अछाम
नेपाल इन्स्यारेन्स कम्पनी दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर
आइएमई जनरल इन्स्योरेन्स सोलुखुम्बु, ओखलढुङ्गा, महोत्तरी, धनुषा
लुम्बिनी जनरल इन्स्योरेन्स संखुवासभा, भोजपुर, खोटाङ र उदयपुर
नेको इन्स्योरेन्स ताप्लेजुङ, पाँचथर, इलाम र झापा
दि ओरिइण्टल इन्स्योरेन्स धनकुटा, सुनसरी, तेह्रथुम र सप्तरी
नेशनल इन्स्योरेन्स रोल्पा, प्यूठान, दाङ र अर्घाखाँची
प्रुडेन्सियल इन्स्योरेन्स गोरखा, लमजुङ, तनहुँ, परासी
शिखर इन्स्योरेन्स चितवन, मकवानपुर, धादिङ र नुवाकोट
सानिमा जनरल इन्स्योरेन्स कपिलवस्तु, नवलपुर र मोरङ
हिमालयन जनरल इन्स्योरेन्स सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर र बारा
प्रिमियर इन्स्योरेन्स कम्पनी दोलखा, रामेछाप, सिन्धुली र सर्लाही

# संघ संस्थाको सम्पत्ती कति ? छानविन जरुरी



**कृष्ण बहादुर बोगटी 'काका'**
धुम्बाराही ४ काठमाण्डौ
हाल : चक्रबहिल -१२, ललितपुर

सडक बालबालिकालाई राख्न भनेर धैरै विदेशीहरुले दिएको नगदले किनेको जग्गा घर कहाँ कहाँ कती छ बुझी राख्नु जरुरी छ। किनभने सरकारी जग्गा त खाए भने संस्थाको सम्पत्ती खान केही बेर छैन सिविनलाई विदेशीले दिएको रकमबाट तिनथाना नैकापमा २,३ रोपनी जग्गा र ३,४ वटा घर बनाएको छ। त्यस्तै काभ्रे पस्थलीमा २० रोपनी जग्गा सहित २,३ घर गाडी समेत छ सोल्टी मोडको रवि भवनमा २,३ घर सहिी ३,४ रोपनी जग्गा मोटर गाडी छन अरु कहाँ कहा छ सरकारले खोज्नुपर्छ। नत्र फेरी संस्था सन्चालकले आफ्नो नाममा गर्न केही बेर लाग्दैन उसले सडक बच्चाबच्चीको नाम बिकाई चौतारामा समेत घर अनाम नगरमा घर किर्तिपुर खसी बजारमा घर किनेको बनाएको सबैतिर थाहा छ।

के मानव अधिकार कर्मिलाई पजेरो करोड जानेदेखि २,३ वटा घर कसले दान दियो। छानविन गर्नु जरुरी छ। मैले सकड बच्चालाई आएको रकम २५ प्रतिशत मात्र खर्च गरे सडक बच्चाको उद्धार हुन्छ मात्र के भनेको थिए मलाई खाइ पाई आएको तलबबाट प्रति महिना दुइ हजार घटाइ दियो। त्यसपछि सन्चालकको र मेरो भनाभन भयो।

पछि संस्था संचालनकले धेरै ज्यादती गरेपछि सबै, कर्मचारी मिलि कर्मचारी युनियन खोल्न पहल गरी कर्मचारी युनियनको कार्यालय पुतली सडक टुकुचा शंकरदेव क्याम्पस अगाडी गई युनियन खोल्ने सबै कुरा पुरा गरेपछि गौरीले दाल मे कुछ काला है एक एक लाई ठिक पार्छु भन्दै कार्वाही गर्न थाल्यो अनी धेरै कर्मचारीले जागीर छोडेर गए मैले चै छोडिन बरु विरोध गरेर बसे र भ्रष्टाचार को मेडियामा गई विरोध गर्छु तिम्रो संस्था खोल्नु भन्दा पैला र अहिलेको सबै भन्छु भनेपछि प्रधानले तलब बढाई दिने छु तपाई पुरानो इमान्दार मान्छे भन्दै भुक्याई भुटो रिर्पोट तयार गरी प्रहरीलाई प्रलोभनमा पारी मुद्दा हाल्न लगाई फसाई दियो जहाँपनी पैसाको शक्ति मात्र चल्दो रहेछ सरकारी वकिल पनि प्रलोभनमा पऱ्यो मलाई विरोध नगरे नफसाउने सर्तमा चौकीमा लगी मुद्दा लगाई सकेपछि पनी सिविन कि प्रोग्रम अफिसर सोनी पियाले चौकीमा आई बुझी मलाई सिविनको कार्यालयमा लगी अब गौरी प्रधानको विरोध नगर्नु भनेपछि सडक बच्चाबच्ची फसाई भ्रष्टाचार गर्नेको त सधै विरोध गर्छु भनेपछि फेरी चौकी पठाई थुनाई दिइन अब भन्नुहोस पैसामा कति तागत छ। भुटो आरोप लागेपनि सरकारी वकिल सर्वोच्च सम्मै गयो प्रमाण सहित दोषी देखेको मुद्धा चै सरकारी वकीलले चलाउन नपर्ने भन्दै बन्द गऱ्यो। के त्यही हो अधिकार जतातत्तै पैसाको शक्तिमा मात्र चलेको प्रमाण छ। अरु पछि लेखौला जय नेपाल आमा।

## खेलकुद

# मनाङ र मच्छिन्द्रको बहुप्रतिक्षित खेल

काठमाण्डौ - कतार एअरवेज शहीद स्मारक ए डिभिजन लिग फुटबलमा सोमबारदेखि पाँचौं चरणका खेलहरु सुरु हुँदैछन्। चौथो चरणको खेल गएको बिहीबार सकिएको थियो।

गएको शुक्रबार एक दिन 'रेस्ट डे' राखिएको थियो।

बिहीबारदेखिको मौसममा आएको खराबीका कारण शनिबारदेखि सुरु हुनुपर्ने लिग सोमबारबाट सुरु हुन लागेको हो। दशरथ रङ्गशाला हिलाम्य हुने भन्दै खेल दुई दिन स्थगित गरिएको हो, पाँचौ चरणका सबै खेल यहीँ नै हुने छन्।

प्रतियोगितामा सोमबार दुई वटा खेल हुँदैछन्। मध्याह्न १२ बजे हुने पहिलो खेलमा न्युरोड टिम एनआरटी र जावलाखेल युथ क्लब प्रतिस्पर्धा गर्दैछन्।एनआरटीले जारी लिगमा २ खेलमा जित हात पार्दै ४ अङ्क जोडेको छ। गएको संस्करणको लिगमा पुछारमा रहेकाले एनआरटीको २ अङ्क घटाइएको छ। यो खेलमा एनआरटी विजयी भए सातौं स्थानमा पुग्ने छ।



यस्तै जावलाखेल भने जारी प्रतियोगितामा अपराजित रहेको छ। चार खेलमध्ये २ खेलमा जित र २ खेलमा बराबरी गर्दै ८ अङ्क जोडेको जावलाखेल यो खेलमा विजयी भए केहीबेरका लागि भए पनि ११ अङ्कका साथ शीर्ष स्थानमा पुग्ने छ।

यस्तै दिउँसो ३ बजे मनाङ मर्स्याङ्दी र मच्छिन्द्र क्लब खेल्दैछन्। यो सिजनमा मनाङबाट अधिकांश खेलाीहरुलाई अनुबन्ध गराएको मच्छिन्द्रको खेलमा धेरैको नजर रहने छ।

त्यसो त मनाङले जारी लिगमा सम्हालिएर प्रदर्शन गर्दै अपराजित रहन सफल भएको छ।

दुवै टिम अपराजित रहेकाले आजको खेलमा पनि अपराजित रहने योजनामा हुने छन्।

नतिजाले लिगको तालिकामा पनि प्रभाव पार्ने छ। मनाङ विजयी भए शीर्ष स्थानमै यथावत् रहँदा मच्छिन्द्र विजयी भए मछिन्द्र नै शीर्ष स्थानमा पुग्ने छ।

पराजय वा बराबरीले भने दुवै टिमलाई अङ्कमा घाटा लाग्ने छ।

# राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल माघबाट हुँदै

काठमाडौं। पाँचौ आरबीबी/एनभीए राष्ट्रिय महिला तथा पुरुष भलिबल क्लब च्याम्पियनसिप माघ ३ देखि हुने भएको छ।

आयोजक नेपाल भलिबल संघले सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै च्याम्पियनसिप माघ ३ देखि १० गतेसम्म राष्ट्रिय खेलकुद परिषदको कभर्डहलमा हुने जानकारी गराएको हो।

च्याम्पियनसिपमा पुरुषतर्फ १२ र महिलातर्फ ८ टिमले प्रतिस्पर्धा गर्नेछन्। पुरुषतर्फ तीन विभागीय टिम, हेल्प नेपाल स्पोर्टस क्लब, मणिमुकुन्द भलिबल क्लब, नयाँबजार भलिबल क्लब, जावलाखेल भलिबल ट्रेनिङ सेन्टर, ढोरपाटन स्पोर्टस् क्लब, काभ्रे जिल्ला भलिबल संघ, गण्डकी प्रदेश, आर ९ भलिबल ग्रूप र पार्वती युवा क्लब छन्।

यस्तै महिलातर्फ तीन विभागीय टोली, न्यू डायमण्ड क्लब, जावलाखेल भलिबल ट्रेनिङ सेन्टर, ढोरपाटन स्पोर्टस् क्लब, चितवन टाइग्रेस, गण्डकी प्रदेश रहेका छन्।

यस च्याम्पियन सिपबाट महिलातर्फ ६ र पुरुषतर्फ ८ टोली राष्ट्रिय क्लब लिगका लागि छनोट हुने नेपाल भलिबल संघका महासचिव जितेन्द्र चन्दले बताए।

क्लब च्याम्पियनसिपको महिला र पुरुष विजेताले २ लाख उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार पाउनेछन्। प्रतसयोगितामा २३ लाख खर्च हुने संघले जनाएको छ।

च्याम्पियनसिपको राष्ट्रिय वाणिज्य बैंकको प्रायोजन रहेको छ। २०७६ र २०७७ सालको लागि बैंकसंग सम्झौता नवीकरण गरिसकेको र बैंकले वार्षिक १२ लाख प्रदान गर्ने चन्दले जानकारी दिए।




# जाडो महिनामा रुघाखोकी किन लाग्छ ?

## स्वास्थ्य

खासगरी जाडो याममा न्यानो पोषिलो र झोलिलो पर्दाथहरु सेवन गरेर, घाम तापेर, आगो बालेर बस्ने गरिन्छ। तर पनि कतिपय कुरामा ख्याल नराख्दा हामी आफैले रोग निम्त्याउन सक्छौ।

खान पान गर्दा मौषम अनुसार त्यसको प्रयोग बिधि नजानेर रोग लागिरहेको हुन्छ।

मौसमी फलफूल खासगरी चिसो याममा चिसै फलफूल फल्ने गर्दछन्। त्यसको सेवन बिधि नजान्दा दुख: पाउछौ। जाडो याममा फल्ने फलहरुमा सुन्तला जुनार मौसम यी आदी पर्दछन्। त्यस वाहेक स्याउ, केरा, अम्बा( बेलौती) अंगुर, अनार सदाबहार फलफुल पर्दछन्। यि फलहरु खादा सकभर तातो पानिमा डुबाएर (बोका) सहित छोपेर बफायर ति फलहरु खाने गर्नु पर्दछ। चिसो पानि नपिउने तातो पानि पिउने गर्नु पर्नेमा ति फलहरु सिधै बोटबाट टिपेर किनेर खाने गर्छौ। यस्तो गर्दा फलको चिसोले रुघा, खोकी जरो आउने भएकोले यसो भनिएको हो।

यदि रुघाखोकी लागिहाल्यो भने तातो पानीको बाफ सुघ्ने, न्यानो भएर बस्ने झोल कुराहरु खाने, यति गर्दा पनि निको नभए डाक्टरको सल्लाह लिएर मात्र औषधी सेवन गर्न वेस हुन्छ। यस्तो कुरामा ध्यान दिन र ख्याल राख्न जरुरी छ। घाममा बदाम खादै बस्दा राम्रो हुन्छ। त्यसर्थ यो जाडो मौषममा आफ्नो सरीरको ख्याल राखौ, चिसोवाट बचौ र अरुलाइ पनि चिसोवाट बच्न सल्लाह दिऔ।

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं।**

# रामेछाप डायरी

## सानो शैलुङ महादेवको मेला भव्य तयारी

*- धनलाल थापा मगर*

दोरम्बा। रामेछाप जिल्लाको दोरम्बा गाउँपालिका-४ गौश्वारास्थित रहेको सानो शैलुङ्ग महादेव मेलाको भव्य तयारी अन्तिम चरणमा पुगेको छ। सानो शैलुङ संरक्षण समितिका अध्यक्ष खडानन्द थापा मगरले दिएको जानकारी अनुसार पुस २५ गते पूर्णिमाको दिनदेखि पाँच दिनसम्म मेला चल्ने जनाएको



छ। भक्तजनहरुको सुविधाको लागि समितिले सोही स्थानमा खाना र बस्नेको व्यवस्था गरेको छ। काठमाडौं, काभ्रे, सिन्धुपाल्चोक, दोलखालगायत विभिन्न जिल्लाबाट आउने भक्तजनहरुको लागि समितिले मेला अवधिभर राम्रो व्यवस्था गरेका कारण ढुक्क भएर सानो शैलुङ महादेवको दर्शन गर्न आग्रह गरेको छ। सानो शैलुङ प्रवेश गर्ने सडक खण्ड डोरखानी हुदै आउने सडक, खारपानी हुदै आउने सडक, गौश्वार हुदै आउने सडक, निगुरे हुदै आउने सडकहरुमा सरसफाइसमेत वडा कार्यालयले गरेको छ। सानो शैलुङ दोरम्बा गाउँपालिको एक ऐतिहासिक धार्मिक एवं पर्यटकीय स्थल हो। यस ठाउँमा गुफाभित्र करिब ६ फिट अग्लो प्राकृतिक महादेव शिव, गणेशलगायत देवीदेवताको प्राकृतिक आकारहरु रहेका छन्। शिव मूर्तिको सिधामाथि गाइको थुन आकारको शीला रहेको छ। गाईको थुन आकारको शीलाबाट शिव मूर्तिको शीरमा निरन्तर पानीको थोपा चुइरहन्छ।

त्यस्तै महादेव स्थानमा प्रकृति निर्मित पापद्धार र धर्मद्धार पनि रहेको छ। महादेव स्थलमा नारायण पूजा लगाउन भक्तजनहरु आउँदा पूजाको लागि आवश्यक पर्ने माना, पाथी, थाली जस्ता वस्तुहरु अगाडि आए बस्ने र पूजा सकिएपछि पुन: अलप हुने किंवदन्ती छ। महादेव स्थानमा एउटा ढुङ्गा छ, त्यो ढुङ्गा बजाउँदा मादलकै आवाज आउँछ। स्थानीय बुढापाकाहरुका अनुसार पहिला नारायण पूजा लगाएर राति जागराम बस्नेहरुले सोही ढुङ्गामा मादल बजाएर नाच्ने गाउँने गर्दथे। धार्मिक आस्थाको केन्द्र एवं नेपाल भ्रमण वर्ष २०२० को समेत महत्वपूर्ण मानिएको सानो शैलुङ्ग महादेवको दर्शन गर्ने संख्या विगतको भन्दा यसपटक निकै बढ्ने अनुमान गरिएको छ। महादेव स्थानमा वर्षको ५ पटक मेला लाग्ने गर्दछ। श्रावणको जनैपूर्णिमा, मंसिरको बालचतुर्दशी, सद् बिउ छर्ने औंसी, पौष पूर्णिमा र शिवरात्रीमा मेला लाग्ने गर्दछ।

सरकारले २० लाख पर्यटकभित्राउने लक्ष्य राखेको छ। यस्ता धार्मिक क्षेत्र पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्न सके भ्रमण बर्ष २०२० को अभियान सफल हुनेथ्यो कि ?

## बागमती र हेटौंडा कुनै पनि हालतमा नमान्ने दोरम्बा गाउँपालिक अध्यक्ष मुक्तानको उद्घोष

दोरम्बा। ३ नं. प्रदेशको नाम र राजधानीको विषयमा ने.क.पा सचिवालयले गरेको बागमती प्रदेश र हेटौडा राजधानी राख्न निर्देशन कुनै पनि हालतमा नमान्ने दोरम्वा गाउँपालिकाका अध्यक्ष कमान सिं मोक्तानले उद्घोष गर्नु भएको छ। नेपाल तामाङ घेदुङ दोरम्वा गाउँपालिकाको प्रथम अधिवेशन दोरम्बा गाउँपालिकाको सभा हलमा सम्बोधन गर्दै प्रमुख अतिथि मोक्तानले भन्नुभयो-' यो कुनै पनि हालतमा हुन दिदैनौं यो सिङ्गो यहाँको आदिवासीहरुको पहिचान मेटाउने काम भयो। यो हामीलाई न्याय हुँदैन। आज मेरो शरीरभरी गोलीको छर्लाहरु टाँसिएको छ, यो केबल बागमती प्रदेशको निम्ति गोली बोकेको होइन, यो केवल पहिचानबिहिनहरुको पहिचानलाई संस्थागत गर्नको निम्ति बलिदानी गरेको हो त्यसैले गर्दा यो बागमती नाम तुरुन्त हटाई ३ नं. प्रदेशलाई नेवा: ताम्सालिङ नाम राख्न र राजधानी मध्यभागमा सबै जनतालाई पायक पर्ने ठाउँमा राख्न नेकपालाई सुझाव समेत दिनु भयो।



दोरम्बा गाउँपालिका अध्यक्ष मोक्तानले रामेछापको दोरम्बा-२ मा रहेको घिसिङ राजाको दरवार ताल्च्यो क्षेत्र नेपाली सेनालाई दिएको भन्ने कुरो भ्रम मात्र रहेको र ताल्च्यो दरबारको निम्ति सामुदायिक वनसंग सहकार्य गरेर १० रोपनी जग्गा ताल्च्यो दरबारको निम्ति छुट्यार यसै बर्षबाट ताल्च्यो दरबारको संरक्षणको निम्ति दोरम्बा गाउपालिकाले आर्थिक बजेटसमेत छुट्याउने प्रतिबद्धता ब्यक्त गर्नु भएको छ। यो तामाङ पहिचानको निम्ति ऐतिहसिक भुमि ताल्च्यो दरबार नै निर्माण गरि तामाङ समुदायको संस्कार, संस्कृतिको गन्तब्य बनाउनेसमेत ब्यक्त गर्नुभयो। यसै गरि आफ्नो शरिरमा एक थोपा सास रहुन्जेलसम्म तल्च्यो दरबारको संरक्षणको निम्ति जुट्ने र सम्पुर्ण गाउबासीले पनि आवश्यक सहयोग गर्नुपर्दछ। नेपाल तामाङ घेदुङको सङ्क्रिय उपअध्यक्ष कुमार घिसिङको बिशेष अतिथि, सङ्ठन बिभाग प्रमुख कुलन घिसिङ सङ्क्रिय सदस्य ध्यान बहादुर मोक्तान, दोरम्बा वडा ७ का वडा अध्यक्ष रेम थापा मगरको उपस्थित र नेपाल तामाङ घेदुङ रामेछाप जिल्ला सचिव सोनाम ग्याबाको सभा अध्यक्षतामा सम्पन्न अधिवेशनले मिनबहादुर घिसिङको अध्यक्षतामा १७ सदस्य नयाँ कार्य समित चयन गरेको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# सामुदाय प्रहरी साझेदारी कार्यक्रम सम्पन्न

काठमाडौं । सामुदाय प्रहरी साझेदारी अन्तर्गत सुरक्षा शुद्धिकरण सम्बन्धी अन्तरकृया तथा सम्मान कार्यक्रम बालुवाटारस्थित टुँडालदेवीमा सम्पन्न भएको छ । सामुदायिक सेवा केन्द्र का अध्यक्ष राम प्रसाद न्यौपानेको अध्यक्षता एवं प्रहरी नायब महानिरिक्षक विश्वराज पोखरेलको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा पूर्व प्रहरी महानिरिक्षक अच्युत कृष्ण खरेल, विशिष्ट अतिथिका रुपमा रहेका थिए भने पूर्व एआईजी कल्याण कुमार तिमल्सिना, नरेश गुरुङ, अमर सिंह शाह, नेपाल सरकारका पूर्व सचिव मधुसुदन ढकाल, केशबराज कँडेल, नेपाल प्रहरीका पूर्व डिआईजीहरु रुपाल शम्शेर जबरा, वीरशरण थापा, भोग बहादुर थापा, नेपाली सेनाका पूर्व जर्नेलहरु यादव बहादुर रायमाझी, हिक्मत बहादुर चन्द, पूर्व न्यायधिश बुद्धरत्न शाक्य, पूर्व सभासद रमा गुरागाइँ, सामुदायिक प्रहरी टुँडाल देवीका पूर्व इन्चार्ज रामकृष्ण खरेल, सल्लाहकारहरु अच्युत सापकोटा, अनिश भटराई , जि.एन शर्मा लगायतका अन्य विशिष्ट व्यक्तित्वहरुको उपस्थिती रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रहरी नायब महानिरिक्षक विश्वराज पोखरेलले मन्तव्य राख्दै आफू बसोबास गर्ने टोलबाटै सम्मान पाउँदा निकै हर्षित भएको बताउँदै कार्यक्रममा उपस्थित पूर्व प्रहरी प्रमुख, पूर्व न्यायधिस, पूर्व सभासद लगायत उपस्थित अन्य व्यक्तित्वहरुबाट पाएको सुझाव र गुनासो लाई मनन गर्दै समस्यालाई सुल्झ्याउन पहल गर्ने कुरा बताए । प्रहरी नायब महानिरिक्षकले भने, 'प्रहरी नै न्यायको पहिलो आरम्भ भएकोले प्रहरीसँग जनताको बढी आशा हुनु स्वभाविक हो । समाजमा केही गर्छु भन्नेका लागि धेरै चुनौति र समस्याहरु हुने रहेछ । तर त्यसलाई सामना गर्दै अगाडी बढ्न जरुरी छ ।

नेपाल प्रहरीको ईमान्दारितालाई हरेक नागरिकले मुल्याङ्कन गर्ने गर्दछ । अब देशमा कोही केही गर्छ भने ईमान्दार व्यक्तिले नै गर्छ । अनि मात्र देशको बिकास सम्भव छ । मैले मेरो आँखाले नियालेको हजारौं अपराध छन् तर मलाई नियाल्ने हजारौंभन्दा लाखौं नागरिकहरु हुनु हुन्छ । पहिलाको तुलनामा समाजमा बस्न नआतिनु पर्ने अवस्था रहेको छ ।

सामुदायिक प्रहरीले अहिले समुदायभित्र रहेका समस्याहरुसँग नजिकबाट नियालेर काम गर्दैछ । म काठमाडौंको रानीपोखरी प्रहरी बिटको प्रमुखमा आउनासाथ हाललाई दुईवटा घटनामा फोकस गरेको छु ।

चोरी र विप्लब समुहको त्रास, चन्दा आतङ्क साथै लागु औषत न्युनिकरण नियन्त्रणमा पनि नेपाल प्रहरीको छुट्टै टिम नै परिचालन गरेका छौं । सवारी दुर्घटना न्युनिकरणमा पनि सवारी चालक र व्यवसायीलाई एक साथ राखेर ट्राफिक समस्या समाधान गर्ने तर्फ कदम अगाडि बढाएका छौं ।' कार्यक्रममा स्वागत मन्तव्य राख्दै महानगरीय प्रहरी वृत महाराजगन्जका प्रहरी नायब उपरिक्षक उमेश लम्सालले सामुदायिक प्रहरी साझेदारीको कार्यक्रम काम कर्तब्य लगायतका विषयमा चर्चा गरेका थिए ।

सामुदायिक सेवा केन्द्र का अध्यक्ष रामप्रसाद न्यौपानेले सम्बोधन गर्दै प्रहरी नायब महानिरिक्षक विश्वराज पोखरेलको प्रसंसा गर्दै काठमाडौं उपत्यकाको सुरक्षा व्यवस्थापनमा अहम भूमिका खेल्नु भएको र समुदाय प्रहरी साझेदारीले स्थापनाकालको छोटो समय मै समाजमा हुने हरेक गतिविधि, अपराध नियन्त्रण, ट्राफिक तालिम, लगायतका कार्यहरुमा यो टुँडालदेवी सामुदायिक प्रहरी साझेदारीले सकृय भूमिका खेल्दै आएको र आगामी दिनहरुमा पनि अझ सशक्त रुपमा अगाडी बढ्ने प्रतिवद्धता जाहेर गरे। कार्यक्रमका विशिष्ट अतिथि नेपाल प्रहरीका पूर्व महानिरिक्षक अच्युत कृष्ण खरेलले अन्तर्कृयाको क्रममा बोल्दै समाज का हरेक व्यक्तिलाई सुरक्षा अवश्यक रहेको र त्यसकोलागि सुरक्षा सम्बन्धि अध्ययन गर्न जरुरी देखिएको बताएका थिए । कार्यक्रममा कार्यक्रमका संचालक एवं सामुदायिक प्रहरी सेवा केन्द्र टुँडाल देवीका सचिव मिन प्रसाद पौडयालले त्यस वडामा र धुम्बाराही चप्पल कारखाना, चन्डोल विशाल नगर क्षेत्रमा अनियन्त्रीत पार्किङ नियन्त्रण गर्नु पर्नेमा मादक पदार्थ सेवन चेक जाँच मात्र गरेको देखिँदै आएको देखिएको बताए । रातिको समयमा अपराध नियन्त्रण गर्न गएका प्रहरीले साईरन बजाउँदा स्थानीय वृद्ध र बच्चाहरुको निद्रा खल्बलिने गरेको र अपराधीहरु पनि साईरनको आवाजले फरार हुने गरेको कुरा अवगत गराउँदै त्यस क्षेत्रका ती समस्यालाई तत्काल समाधान गर्न अनुरोध गरे । कार्यक्रमको समापन कमलपोखरी प्रहरी वृतका प्रमुख भरत बहादुर बिकले गरेका थिए ।



# लगातार सुनको मूल्य वृद्धि

सुनको मूल्य लगातार उकालो लागेसँगै स्थानीय बजारमा सुनको खपत ह्वात्तै घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार पछिल्लो समय सुनको व्यापार ७५ प्रतिशतले घटेको छ । दैनिक करिब २५ देखि ३० किलो सुन खपत हुँदै आएको नेपाली बजारमा अहिले मुस्किलले १० किलो सुन पनि बिक्री हुन नसकेको महासङ्घका अध्यक्ष मोहनकुमार विश्वकर्माले जानकारी दिनुभयो ।

लगातार सुनको मूल्य वृद्धि भएसँगै सुन खरिद गर्नेभन्दा गहना बिक्री गर्ने बढेका छन् । राजधानीका चलेका सुन पसलमा नयाँ गहना खरिद गर्नेको सङ्ख्या अत्यन्त न्यून रहेको छ । सुनको भाउ घटेको समयमा गहना बनाएका सर्वसाधारणले मूल्य बढेको भन्दै गहना बिक्री गर्न थालेका छन् । पछिल्लो समय विश्व बजारमा देखिएको व्यापार द्वन्द्वका कारण सुनको मूल्यमा भारी वृद्धि हुन थालेको हो । "अमेरिका-चीन व्यापार युद्ध, अमेरिका-इरान तनावका कारण पनि अन्तराष्ट्रिय बजारमा सुनको मूल्यवृद्धि भएको हो", महासङ्घका अध्यक्ष विश्वकर्माले भन्नुभयो, "महाशक्ति राष्ट्रबीचको बढ्दो तनावका कारण विश्वभरबाटै सुनमा लगानी हुन थालेको छ, व्यापार द्वन्द्वले सुनप्रति आकर्षण बढ्यो ।"साना तथा ठूला लगानीकर्ताले सुनमा गरिएको लगानीलाई सुरक्षित मान्न थालेको उहाँको भनाइ छ । चीन र अमेरिकाबीच हुने भनिएको वाणिज्य वार्ता निष्कर्षमा पुग्न नसक्दा पनि सुनको मूल्य वृद्धिमा सघाउ पुगेको अध्यक्ष विश्वकर्माले बताउनुभयो । इकोनोमिक्स टाइम्सले पनि पछिल्लो सात वर्षमा सुनको मूल्यमा अहिलेसम्मकै उच्च वृद्धि भएको जनाएको छ । मध्यपूर्वी क्षेत्रमा देखिएको तनावका कारण सुरक्षित लगानी ठानिएको सुनमा अत्यधिक आकर्षण बढेको छ । विश्वबजारमा आज सुनको मूल्य प्रतिऔँस एक हजार ५७३.५० अमेरिकी डलर पुगेको छ । भारतीय बजारमा छापावाला सुनको मूल्य प्रति १० ग्राम ४० हजार १० भारु र तेजाबी सुन प्रति १० ग्राम ३८ हजार १०० भारु तोकिएको छ ।


**जाडो मौसममा आगोबाल्दा निसासिने आगलागीका घटनाहरु हुन सक्ने भएकोले :**

१. आगोबाल्दा झ्यालको भेण्टिलेसन खुला राखौं ।
२. जाडो मौसममा सुरक्षित ठाउँ यकिन गरेर मात्र आगो बालौं , जथाभावि आगो नबालौं ।
३. जाडो मौसममा अति प्रज्वलनशिल पदार्थहरु( ग्यास, पेट्रोल, डिजेलजस्ता) भण्डारण तथा बिक्रीवितरण कक्ष वरपर आगो नबालौं ।
४. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
५. आगलागिको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**आयुर्वेदिक उपचारको पहिलो रोजाइ**
**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


## अन्तराष्ट्रिय समाचार

### अमेरिकी सेनाको कारवाहीपछि खाडी क्षेत्रमा तनाव

अमेरिकी सेनाको कारवाहीमा इराकको राजधानी बग्दादको अन्तरराष्ट्रिय विमानस्थलनजिकै शुक्रबार एक इरानी सैन्य कमाण्डर मारिएपछि यस विषयले खाडी क्षेत्रमा तनाव बढाएको बताइएको छ । अमेरिकी सेनाको विशेष खालको कारवाहीमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएपछि यस विषयमा खाडी तथा त्यस बाहिर पनि यस विषयमा व्यापक मात्रामा चर्चा चलेको बताइएको छ । उक्त घटनापछि अमेरिका र खाडी देशबीचको तनाव थप बढेको तथा अमेरिका र इरानले एक आपसमा आक्रमणका धम्की नै दिइरहेका पनि विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमले इराकको राजधानी बगदादबाट जनाएका छन् । त्यस आक्रमणपछि विकसित परिस्थितिका बारेमा चिनियाँ र रुसी विदेशमन्त्रीबीच आइतबार फोनवार्ता भएको बताइएको छ । सो विषयमा चिनियाँ विदेशमन्त्री वाङ यी र रुसी विदेशमन्त्री सर्गेइ लाभरोभबीच फोनवार्ता भएको बताइएको छ । उहाँहरुबीच इरानी कमाण्डर मारिएपछि इराक र इरानसहित खाडी क्षेत्रमा देखा परिरहेको अवस्थाका बारेमा कुराकानी भएको बताइएको छ । उहाँहरुले यस विषयमा आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा पनि कुराकानी गर्नुभएको समाचारमा जनाइएको छ । यस घटनाले आफूहरुको ध्यानाकर्षण हुन पुगेको उहाँहरुले आपसमा कुराकानी गरेको पनि प्राप्त समाचारमा जनाइएको छ । मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके भएको बताउँदै आएको थियो । यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नै उनको हत्याको निर्देशन दिएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले बताएको छ । उक्त अमेरिकी आक्रमणपछि इरानका सर्वोच्च नेताले अमेरिकी आक्रमणमा आफ्नो सेनाको जनरल मारिएपछि यस घटनाको कडा रुपमा बदला लिने चेतावनी दिएपछि परिस्थिति झन तनावपूर्ण बन्दै गएको हो । इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख जनरल सुलेमानी मारिएपछि उहाँले अमेरिकाका विरुद्ध बदला लिने बताउनुभएको हो । उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानले अमेरिकी नागरिक र उसको सम्पत्तिमाथि आक्रमण गरे इरानमाथि नै कडा हमला गर्ने बताउनुभएको छ । उहाँले सो चेतावनी दिँदै भन्नुभया,"इरानले अमेरिकी नागरिक र सम्पत्तिमा आक्रमण गरे त्यस विरुद्धको जवाफी आक्रमण गर्न अमेरिका तयार छ र इरानका महत्वका ५२ वटा स्थानको पहिचान गरिसकेको छ ।"

### हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिए

लिवियाको राजधानी त्रिपोलीमा रहेको एउटा शैक्षिक संस्थामा भएको हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिएका छन् । शनिबार अबेर यहाँस्थित सैनिक विद्यालयमा भएको उक्त आक्रमणमा परी ती विद्यार्थी मारिएका बताइएको छ । सो आक्रमणबाट अरु १८ जना घाइते भएका पनि सुरक्षा अधिकारीहरुले जानकारी दिएका छन् । प्रारम्भीक विवरणअनुसार घटनामा परी २८ विद्यार्थी मारिएका छन, अरु १८ जना घाइते भएका छन, लिबियाको एक सरकारी निकायले जारी गरेको वक्तव्यमा जनाइएको छ । संयुक्त राष्ट्रसंघको सहयोगमा रहेको लिबियाली सरकारले प्रकाशन गरेको सो वक्तव्यमा विदेशी हवाई सुरक्षा बलले सो हवाई आक्रमण गरेको जनाइएको छ । उक्त सैन्य बलले त्रिपोलीमा सञ्चालनमा रहेको एक सैन्य विद्यालयलमा नै आक्रमण गरेको बताइएको छ । त्यो विद्यालयलाई लक्ष्य बनाइनुको कारण के हो भन्ने बारेमा केही थाहा भएको छैन । राष्ट्रसंघ समर्थित सुरक्षा फौजले आफ्नो आधिकारीक फेसबुक पेजमा मृत्यु भएका र घाइते भएका विद्यार्थीहरुको फोटो पोष्ट गरेको छ । घटनाका बारेमा अहिलेसम्म कसैले पनि जिम्मेबारी लिएको छैन । लिवियामा चलिरहेको द्वन्द्वका कारण हजारौँको मृत्यु भएको छ भने लाखौँ विस्थापित भएका छन् ।

### क्रोएसियाको राष्ट्रपतिमा पूर्व प्रधानमन्त्री मिलानोभिक निर्वाचित

क्रोएसियाको राष्ट्रपतिमा पूर्व प्रधानमन्त्री जोरन मिलानोभिक निर्वा्चित हुनुभएको छ । राष्ट्रपति चयनका लागि भएको निर्वाचनको दोस्रो चरणबाट उहाँ निर्वा्चित हुनुभएको निर्वाचन आयोगले जनाएको छ । आयोगका अधिकारीहरुले ९९ प्रतिशत मत गणना भइसक्दासम्म मिलानोभिकले ५२.७ प्रतिशत मत ल्याएकाले उहाँ निर्वा्चित भएको बताएका हुन् । आइतबार सार्वजनिक भएको निर्वाचनको मत परिणामअनुसार मिलानोभिकका प्रतिद्धन्द्धी तथा निवर्तमान राष्ट्रपति कोलिन्दा ग्राबर कितारोभिकले ४७.३ प्रतिशत मत पाउनु भएको छ । पहिलो चरणको निर्वाचनमा कुल ११ जना उम्मेदवार प्रतिश्पर्धामा रहेका थिए । उनीहरु मध्ये धेरै ल्याउने दुई जनाका बीचमा दोस्रो चरणमा प्रतिश्पर्धा गराइएको हो । पहिलो चरणको निर्वाचत गत डिसेम्बर २२ तारिखमा भएको थियो । राष्ट्रपतिमा निर्वा्चित हुनुभएका मिलानोभिकलाई 'सोसल डेमोक्र्याटिक पार्टी (एसडीपी)' र अन्य केही पार्टीहरुको समर्थन रहेको थियो । उहाँसँग प्रतिश्पर्धा गर्नुभएकी ग्राबरलाई भने सत्तारुढ दल क्रोएसियन डेमोक्र्याटिक युनियन (एचडीजेड)को समर्थन रहेको थियो । मतदानका लागि योग्य करिब ३८ लाख मतदातामा ५५ प्रतिशतले मात्रै मतदान गरेका निर्वाचन आयोगले जनाएको छ । क्रोएसियामा हरेक पाँच पाँच वर्षमा राष्ट्रपति चयनका लागि निर्वाचन हुने संवैधानिक व्यवस्था रहेको छ । आइतबार राती राष्ट्रपतिमा निर्वा्चित भएको घोषणा भएपछि नवनिर्वा्चित राष्ट्रपति मिलानोभिकले सवै नागरिकको आवाज सुन्ने र सवैको प्रतिनिधित्व गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । निर्वाचनमा पराजित भएकी ग्राबरले पनि निर्वा्चित मिलानोभिकलाई बधाई दिनु भएको थियो । नवनिर्वाचित राष्ट्रपति मिलानोभिक ५३ बर्षको हुनुहुन्छ भने सन् २०११ को डिसेम्बरदेखि २०१६ को जनवरीसम्म प्रधानमन्त्री हुनु भएको थियो ।

### इरानको सर्वोच्च नेताद्वारा सुलेमानीप्रति श्रद्धाञ्जली

इरानका सर्वोच्च नेता अयोतुल्ला अलि खामेनीले सोमबार तेहरानमा एक समारोहीच सैन्य कमाण्डर कासिम सुलेमानीको 'कफिन'मा प्रार्थना गर्नु हुदै श्रद्धाञ्जली व्यक्त गर्नु भएको छ । सुलेमानी शुक्रबार बग्दाद अन्तर्राष्ट्रिय विमानस्थलनजिकै भएको अमेरिकी ड्रोन हमलामा मारिएका थिए । शुक्रबार अमेरिकी सेनाको विशेष प्रकृतिको कारबाहीका क्रममा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएका थिए । मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके भएको बताउँदै आएको थियो । यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ । जुन कुरा अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले नै पुष्टि गरेको छ ।

# 'सम्बन्ध सूत्र' एक पठनीय हाइकु सङ्ग्रह

भाषा, साहित्य, कला र हाम्रा संस्कृतिहरू समयको साथमा निरन्तर परिमार्जित हुँदै जाने विषय हुन् । यी कुराहरू सामाजिक बनोट र बसोबासको आधारमा एक समूहबाट अर्को समूहमा सङ्क्रमित हुँदै जाने गर्छन् । देशको सम्पन्नता र विपन्नताको आधारमा पनि यी एक देशबाट अर्को देशमा सर्न सक्छन् । नेपालमा हाल सरकारी कार्यालयहरूमा लेखापढी गरिने राष्टि्रय भाषा, खस जाति समूहगत रूपमा पश्चिमबाट पूर्वतर्फ सर्दै जाँदा अरू पछि आउँने जातिहरूले अनुसरण गर्दै गए र आजको अवस्थामा आइपुगेको हो, भन्न सकिन्छ ।

अचेल नेपाली साहित्यमा पुस्तक प्रकाशन गर्ने र विमोचन गरायने होडबाजी नै चलेको छ । एक किसिमको बाढी नै आएको छ । बाढीमा जुनसुकै वस्तु रूमलिएर बग्ने, बगाउने स्वाभाविकै हो । हुन त यो पनि एक प्रकारको विकासको क्रम नै हो । यसले पनि हाम्रो साहित्यलाई टेवा पुऱ्याउँछ नै । जुनसुकै कुरा पनि सानोबाट विकसित हुँदै ठूलो हुने हो । नेपाली साहित्यको विधाहरूमा खासगरी उपन्यास, कथा, कविता, महाकाव्य जस्ता विधाहरूको बाहुल्यता रहेको व्यहोरा त पाठकहरूमा विदितै छ । तर आजकल युवा साहित्य कारहरूमा आ(आफ्ना मातृ भाषामा पुस्तकहरू प्रकाशित गर्नेहरू पनि धेरै छन् । यसैगरी नेपाली भाषामा मुक्तक, गजल, कविता, यात्रा साहित्य, चुट्किला र हाइकुहरू बढि मन परेको देखिन्छ ।

केही वर्ष अगाडि देखि जापानिज साहित्यबाट पाहुनाको रूपमा विदेश यात्रागर्ने क्रममा नेपाल भित्रिएको, थोरै शब्द लेखाइबाट धेरै भाव व्यक्त गर्न सकिने पहिलो हरफ ५ अक्षर, दोश्रो हरफ ७ अक्षर र तेश्रो हरफ ५ अक्षर गरी जम्मा ५+७+५=१७ अक्षरको तीन हरफमा एउटा भाव पूरा हुने विधा हाइकुलाई विशेष गरेर हाम्रा नवप्रवेशी साहित्यकार हरूले मन पराएका छन् । एकल हाइकु सङ्ग्रह र संयुक्त हाइकु सङ्ग्रह गरेर धेरै पुस्तकहरू आइसकेका छन् । यसको शास्त्रीय मान्यता कतिले बुझेका छन् । कतिले बुझ्दै छन् र कतिले नबुझेका पनि होलान् त्यो आफ्नो ठाउँमा छ । यसलाई अझ नेपालीकरण गरी हाम्रा केही युवाहरूले साहित्यिक कार्यक्रमहरूमा कर्णप्रीय लोकलयमा गाउन थालिसकेका छन् । यसै क्रमले बढ्दै जाने हो भने हाइकुलाई नेपालमा भिसामात्र नभई औपचारिक रूपमा नागरिकता प्रदान गरेर नेपाली साहित्यको एउटा विधामा दर्ता नै गर्नुपर्ने स्थिति आउन सक्छ ।

साहित्यिक कार्यक्रमको कुरा गर्नुपर्दा आधुनिक साहित्य परिषद् नेपालले २०७६ मंसिर १ देखि ३ गतेसम्म डा. डिल्लीरमण रेग्मी पुस्तकालय, लाजिम्पाटमा आयोजना गरेको त्रिदिवसीय बृहद् साहित्यिक भेलामा देशका विभिन्न जिल्लाहरूबाट सहभागी हुन आएका स्रष्टाहरू मध्ये कतिले आफ्ना कृतिहरू विमोचन गराए भने कतिले सहभागिता मात्र जनाए का थिए । उक्त कार्यक्रममा मैले पनि भाग लिने अवसर पाएँ । कार्यक्रमको तेश्रो दिन व्यक्तिगत भेटघाट, कुराकानी एवं साहित्यिक चर्चा हुँदा पूर्वाञ्चलबाट आउनु भएकी महिला साहित्यकार तिला लेकालीसँग भेट भयो । उहाँले हाइकु प्रवर्द्धन गर्ने र अगाडि बढाउने उद्देश्यले २०६७ कार्तिक २७ गते तिला लेकालीको अध्यक्षतामा १४ सदश्यीय पूर्वाञ्चल हाइकु सङ्घ नै खोल्नु भएको रहेछ । यसबाट पनि हाइकुले नेपाली मन कतिसम्म जिति सकेछ भन्ने स्पष्ट पार्न सकिन्छ । उहाँको झोलामा भर्खर मात्र प्रकाशित भएको सम्बन्ध सूत्रनामक संयुक्त हाइकु सङ्ग्रहका केही थान पुस्तक रहेछन् । झोलाबाट झिकेर पुरानो चिनापर्चीका साहित्यकार हरूलाई दिनुभयो । असजिलो लागेर होला केही क्षण पछि मलाई पनि एउटा पुस्तक दिनुभयो । मैले सहर्ष स्वीकार गरें ।

अनुकुल मिलेका बखत् अध्ययन गरें । पूर्वाञ्चल हाइकु सङ्घले बजारमा ल्याएको यो पुस्तक व्यवसायीहरूले दैनिक कार्यालयमा प्रयोग गर्ने 'डे बुक'आकारको पुस्तकको कभर पेजको अग्र भागमा दक्ष फाइन आर्टिष्टद्वारा तयार गरिएको चित्रमा रङको संयोजनले गर्दा कृति आफैमा निकै आकर्षक छ । पाना पल्टाउँदै जाँदा बेलबारी न. पा.का प्रमुख ज्ञानेन्द्र सुवेदीले आफू साहित्यकार नभए पनि यसमा अनुराग भएको र यसको समृद्धिका लागि आफूबाट सहयोग हुने, कुरा जनाउदै शुभकामना व्यक्त गर्नुभएको छ ।




यसैगरी उक्त न. पा. का उप प्रमुख ढाका पराजुली (तारा) ले शुभकामनामा हाइकुको सिद्धान्त, सुरुको अवस्था, विकास क्रम र आजको अवस्था एवं नेपालमा पनि यसले पाठकहरूको मन जित्नाका कारण सहित यस सङ्ग्रहका सबै लेखकहरू प्रति बधाई ज्ञापन गर्दै कृतिको सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको छ ।

तत्पश्चात् प्रकाशकका तर्फबाट तिला लेकालीले हाइकुको उत्पत्ति, विकास र नेपाल प्रवेशका बारे उल्लेख गर्दै यसलाई नेपाली साहित्यकै एउटा विधा मान्नु भएको छ । हाइकु लेखनका सामान्य सूत्र पनि दिनु भएको छ । यसको विकासका लागि पूर्वाञ्चलमा गरिएका कार्यक्रमहरू समेत उल्लेख गर्नुका साथै कृति प्रकाशनका लागि सहयोग गर्नुहुने सबै महानुभावहरू प्रति आभार व्यक्त गर्नुभएको छ ।

कृतिको अर्न्तवस्तुको बारे भन्नुपर्दा यसमा ११६ जना हाइकु सिइनको एक जनाको घटिमा ५ र बढिमा २० गोटा हाइकु गरी जम्मा १५७२ गोटा हाइकु समाविष्ट छन् । यसले समेटेको विषयहरूमा विभिन्न दर्शन, माया(प्रेम, देशप्रेम, देशको खस्कँदो स्थिति, भ्रष्टाचार, दोषीलाई कारवाहीको उल्टो पार्टी र सरकारद्वारा संरक्षण, श्रम शक्तिको पलायन, गाउँमा वृद्ध(वृद्धाको वेहाल, कृषिप्रधान देशमा खेतवारी बाँझो, देशमा गणतन्त्र आएपनि गरिब जनताका लागि अपेक्षाकृत उपलब्धि नहुँनु, सिमानामा किचलो, नेताहरूको गैर जिम्मेवारीपना आदि छन् । समग्रमा भन्नुपर्दा, 'समृद्ध नेपाल र सुखी लेपाली'हुन चाहिने सबै विषयहरू र सोको लागि सरकारलाई सुझाव समेत समेटिएको छ ।



**तेजप्रकाश बानियाँ,**
**गोङ्गबुँ, काठमाडौँ**

विशेष गरेर युवा पुस्ताका लेखकहरूको मनजित्न सफल हाइकु विधाले नेपाली साहित्यमा आफ्नो स्थान सुरक्षित बनाउँदै गएको छ । दिन प्रतिदिन लेखकको संख्या वृद्धि हुँदैछ । प्रस्तुत 'सम्बन्ध सूत्र'मा समाविष्ट हाइकुहरू विभिन्न लेखकबाट प्राप्तगरिएको हुँदा एकै स्तरका नभई सिकारु, मझ्यौला र उच्च स्तरका छन् । यो स्वाभाविकै पनि हो ।

पुस्तकको अन्त्यमा विद्वान दीपक सुवेदीले सिद्धान्त र सिर्जनाशीर्षकमा, हाइकुको शुरूको अवस्था, यसको विकास, विभिन्न ११ जना विज्ञहरूबाट गरिएको परिभाषा, नेपालमा हाइकु प्रवेश, नेपालमा प्रकाशित हाइकुको प्रकार, हाइकुसँग मिल्दोजुल्दो नेपाली कविता, नेपालमा प्रकाशित हाइकुका पुस्तकहरूको नाम, हाइकु लेख्ने सम्पूर्ण विधि र उदाहरण समेत यसै पुस्तकमा समावेश गरिएको हुँदा हाइकु सिकारुका लागि मार्ग दर्शन र जान्नेहरूका लागि विशिष्टता हासिल गर्न रामवाणको कामदिने हुँदा यो पुस्तक सबैकालागि पठनीय भएको ठान्दछु ।

हाइकुहरू अध्यन गर्दा कमी कमजोरी औंल्याउने उद्देश्यबाट गरिएको छैन । यद्यपि यसमा छपाई, ब्याकरण, अक्षर संख्या र शास्त्रीय मान्यताका दृष्टिले सामान्य कमजोरीहरू छन् । अभ्यास गर्दै जाँदा यी त्रुटिहरू आफैं हट्दै जाने छन् भन्ने मेरो मान्यता हो । मुख्य कुरो त पूर्वाञ्चलका हाइकु प्रेमी समूहले जापानिज् साहित्यबाट नेपाल प्रवेश गरेको हाइकुलाई सारै मन पराएर यसको विकास र प्रवर्द्धन गर्न पूर्वाञ्चल हाइकु सङ्घूको १४ सदस्यीय संस्था नै गठन गरेका छन् । अझ पुस्तक प्रकाशनका लागि त्यति धेरै स्रष्ठाहरूको लेख र ११ जनाविद्वान्हरूबाट हाइकुको परिभाषा सङ्कलन गर्न देखाएको साहस र दौडधुप एवं सामग्री सम्पादन लगायत छपाई समेतको जिम्मा लिइ आकर्षक पुस्तकाकार कृतिदिएर पाठकको हातहातमा पुऱ्याउन सक्नु नै ठूलो चुनौती र ऐतिहासिक कार्य हो । यस्तो सराहनयि कामको म सम्मान गर्दछू । भविश्यमा यस्ता कृतिहरू अझ सशक्त रूपमा परिमार्जन सहित प्रकाशित होऊन् र नेपालका हाइकु पारखीहरूले स्तरीय हाइकु पढ्न पाऊन् भन्दै हाइकु सङघको उत्तरोत्तर सफलताको कामनाका साथ जाँदाजाँदै एउटा हाइकु उपहार सहित आजलाई यति ।

हाइकु चर्चा
सूर्यको सामु दियो
मेरो धृष्टता ।


## हार्दिक निमन्त्रण

भ.म.न.पा-२३ स्थित पशुपति मन्दिरलाइ धामको रुपमा बिकाश गर्ने, आयुर्वेदिक शिक्षालय स्थापना र क्यान्सर पीडित परिवारको सहयोगार्थ आयोजित एतिहासिक १०८ कुण्डीय कोटिहोम तथा अष्टोत्तरशत (१०८) श्रीमद्भागवत पितृमोक्षा एवं तुलादान मासिक विराट ज्ञान महायज्ञ-२०७६ मा सादर निमन्त्रणा गर्दछौं ।

मिति : माघ ११ देखि फागुन ११ सम्म
स्थान : नारायणी नदी किनार, भ.म.न.पा.-१ नारायणगढ, चितवन
आयोजक :कोटिहोम महायज्ञ मूल समारोह समिति, हजुरहरु र हामी सबै
सम्पर्क शूत्र : ९८५५०११८६१, ९८५५०११८६२, ९८५५०५२३७२, ९८५१०७०६४६


कविता

## मन र मौसम



कहिले मन
कति आनन्दित हुन्छ
प्रगतिका सोचहरू पलाउछन
कल्पना र भावनामा
संसारकै बादसाह बन्छ
कहिले मन
ठिकै हुन्छ
भावनामा सामान्य मानव ठान्छ
कहिले मन निराश हुन्छ
चाँहीने नचाहिने सोच्छ
अनि भावनामा दुखी बन्छ
अनि मौसम
कहिले ठिक्क शरीरलाई
कहिले दिक्क शरीरलाई
कहिले सुस्तरी प्रेमील पवन
कहिले हुरी हुण्डरी
कहिले ठिक्क न्यायो
कहिले उखरमाउलो गर्मी
अनि सोच्छु
मन र मौसम
यी दुबै नभएको भए
साच्चिकै कस्तो हुन्थ्यो जीवन
सुर्यास्त जस्तो कि सुर्योदय जस्तो ?

## यो धरतीका सबैभन्दा सुन्दर मानिसको बक्तब्य



मुक्तान थेबा
काठमाडौं

यो मेरो बक्तब्य हो
अर्थात् यो धरतीको सबैभन्दा सुन्दर मानिसको आवाज हो ।

तिम्ले फेर्ने प्रत्येक स्वासमा
म मैलो किसानको पसिनाको गन्ध आयो कि आएन ?
तिम्रो घाँटिबाट ओर्लिँदै गरेको प्रत्यक गाँसमा
मेरो आलो रगतको गन्ध आयो कि आएन ?
तिम्रो टेबलमा सजिएका चौरासी ब्यन्जनमाथी
यो बूढो किसानको चाउरिएको अनुहार नाँच्यो कि नाचेन ?

तिम्रो जिवनको
अर्थात तिमी बाँचेको ब्यबस्थाको
अर्थात तिम्रो शरिरको कुन अंगमा छैन म ?

तिम्रो पेटको भोकमा छु म
तिम्ले देख्ने सपनामा छु
तिम्रो आँखाको दृस्ठिमा छु
बिडम्बना
म भएरै सम्भव हुने जिवनको अस्तित्वअघि
म मेरै गाँसको भिख माग्नुपरेको छ तिम्रो सत्तासंग ।

थाहा छ
तिमी मेरै करङको भर्याङ चढेर बिराजमान छौ सत्तामा
मेरै हाडछालाको लिलाम हुन्छ तिम्रो संसदमा
मेरै सपनाको बलात्कार पछि
तृप्त हुन्छ सरकार ।

पराल ओढेर हिउँदको कठ्याङरी काट्नुको चोट कस्तो हुन्छ
यो बूढो किसानलाई सोध्नु ।
आफ्नो पसिनाको अनाज मालिकको भकारिमा भरिनुको पीडा कस्तो हुन्छ
यो बूढो किसानलाई सोध्नु ।
भोको पेटको झम्ट्याई कस्तो हुन्छ
यो बूढो किसानलाई सोध्नु ।

तर अब यो नसोध्नु कि यो बूढो किसानको भोक
कुन आगो टिपेर दन्किरहेको छ ?
तिम्रो बिरासतको ठिक मुन्तिर
बिद्रोहको सुरुङ खनिरहेको एउटा आगो छ
तिम्ले देख्यौ होला
हो, म त्यही आगो हुँ ।

# नयाँ वर्षमा टाटा मोटर्सको नयाँ कार योजना

काठमाण्डौं। नेपालका लागि टाटा मोटर्सको एकमात्र अधिकारिक वितरक, सिप्रदी ट्रेडिङ्ग प्रा. लि. ले नयाँ वर्ष २०२० को अवसरमा नयाँ वर्ष नयाँ कार योजना ल्याएको छ। उक्त योजनामा सहभागी हुन ग्राहक महानुभावहरुले टाटा मोटर्सको सोरुममा गई नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरु एच फाईभ, नेक्सन, टियागो, टिगोर, हेग्जा र स्ट्रोम लगायतका गाडीहरु अवलोकन तथा टेष्ट ड्राइभ गर्न सक्नेछन। साथै जुनसुकै ब्राण्डका गाडीहरु एक्सचेन्जमा रु. १,००,००० सम्मको एक्सचेन्ज बोनस, टेष्ट ड्राइभमा आर्कषक उपहार र प्रत्येक गाडीको खरिदमा एक जोडीलाई स्योर सर्ट सिंगापुर क्रुज डिनर लगायतका विशेष आर्कषणहरु रहेका छन्।

सिप्रदी ट्रेडिङ प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत श्री राजनबाबु श्रेष्ठले भन्नुभयो "टाटा मोटर्सको प्यासेन्जर कारहरूका लागि अल न्यू ज्यानुअरी थिम प्रस्तुत गर्न पाउँदा एकदमै खुसी छौं। यो थिमले एउटा ग्राहकले नयाँ वर्षको सुरुवातमा के चाहान्छन् भन्नेलाई सम्बोधन गर्दछ। एउटा राम्रो कारले तपाईँलाई आफ्नो परिवारसँग मिलन गराउँछ। आरामदायी यात्रा, सुरक्षा तथा थप विशेषता भनेकै टाटाले ब्रान्डका रूपमा आफ्ना ग्राहकहरूलाई प्रदान गर्ने कुराहरू हुन्।"

टाटा मोटर्सका कन्ट्री म्यानेजर श्री अजित नारायण सिंहले भन्नुभयो " न्यू इयर कार थिम ज्यानुअरी महिनाभरि नै लागू हुनेछ। यो थिम अन्तर्गत धेरै इभेन्टहरू छन्। त्यसैले यो महिनाभरिका लागि कुनै पनि टाटा प्यासेन्जर कारहरूको खरिदमा एकजोडीलाई सिंगापुर क्रुज प्याकेज पनि पुरस्कार दिइने घोषणा गर्दछौं। एक्सचेन्ज सहज बनाउनका लागि हामीले रुपैयाँ एक लाखसम्मको एक्सचेन्ज बोनस दिदँछौं। त्यसैले नयाँ वर्ष २०२० लाई घरमा टाटा मोटर्सका कारहरू भित्र्याई खुसी साथ स्वागत गरौं।"

साथै नयाँ वर्षको अवसरमा टाटा मोटर्सको अत्याधुनिक सोरुममा पाल्नुभइ नयाँ गाडी खरिद गरेर भरपुर फाईदा उठाउनुहुन कंम्पनिले अनुरोध गरेको छ। यो योजना जनवरी २०२० सम्म मात्र लागू हुनेछ।




टाटा मोटर्सका बारेमा

४४ अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति भएको टाटा मोर्टस् लिमिटेड कार, युटिलिटी गाडीहरू, बस, ट्रक र डिफेन्स गाडीहरू उत्पादन गर्ने विश्वकै अग्रणी अटोमोबाइल कम्पनी हो।११० अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति भएको टाटा ग्रुपको एक हिस्सा टाटा मोटर्स भारतकै र बृहत् रेन्जमा इन्टिग्रेटेड, स्मार्ट तथा इ-मोबिलिटी सलुसनहरू प्रदान गर्ने एकमात्र ओइएम हो। बेलायतमा रहेको ज्यागुअर, ल्यान्डरोभर तथा दक्षिण कोरियास्थित टाटा डेइवुसहित १३४ वटा सशक्त सहायक कम्पनीहरूको विश्वव्यापी संजालमार्फत् टाटा मोटर्स बेलायत, दक्षिण कोरिया, थाइल्याण्ड, दक्षिण अफ्रिका र इन्डोनेसिया टाटा मोटर्स् सञ्चालनमा छ।


इन्जिनियरिङ तथा प्रविधिद्वारा संचालित अटोमेटिभ सलुसनहरू गर्नमा केन्द्रित टाटा मोटर्स् भारतीय बजारमा कमर्सीयल गाडीको बिक्रेताका रुपमा अग्रस्थानमा छ भने प्यासेन्जर गाडीको अत्यधिक ब्रिकी गर्न सफल उत्कृष्ट चार कम्पनीहरूमा पर्दछ। जेननेक्स्ट कस्टमरहरूको अवधारणामा आधारित रही टाटा मोर्टसले सर्वोत्कृष्ट डिजाइन र भारत, बेलायत, ईटली तथा दक्षिण कोरियामा रहेका आर एण्ड डी सेन्टरहरूबाट अभिप्रेरित भई नयाँ नयाँ उत्कृष्ट उत्पादनहरू ल्याउने चाहना टाटा मोर्टसले लिएको छ। अन्तराष्ट्रिय स्तरमा टाटाका कमर्सियल तथा प्यासेन्जर गाडीहरू अफ्रिका, मध्यपूर्व, दक्षिण एसिया, दक्षिण पूर्वी एसिया, दक्षिण अमेरिका, अस्ट्रेलिया, रूस, लगायत विश्वका विभिन्न देशहरुमा बिक्रीवितरण गरिन्छ।

सिप्रदीका बारेमा

देशकै ठूलो प्रतिष्ठित ब्राण्ड सिप्रदी टेड्रिङ्ग मुख्यत: अटोमोटिभ तथा एलाइड व्यवसायमा संलग्न छ। ३७ बर्ष देखि यो व्यवसायमा संलग्न सिप्रदीको बार्षिक आय ३५० मिलियन अमेरिकी डलर भन्दा बढी छ। अटोमेटिभ, इनर्जी, लुब्रीकेन्ट, वित्तीय सेवाहरु तथा इक्यूपमेन्ट व्यवसायको क्षेत्रमा द्रुत गतिमा फस्टाईरहेको छ। करिब ७५० कर्मचारीहरु र ६५० सपोर्ट स्टाफहरू एउटै साझा उद्देश्य अर्थात् गुणस्तरीय सेवा र उत्पादन प्रदान गर्नमा प्रतिबद्ध छन्। सन् १९८२ देखि टाटा मोटर्स्को एकमात्र बिक्रेता भएको सिप्रदी टेड्रिङ्ग ISO 9001:2015 प्रमाणित कम्पनी हो।

सिप्रदीको नेपालभर सबैभन्दा ठूलो बिक्री तथा सेवा वितरण संजाल रहेको छ। टाटा मोर्टर्सका सम्पूर्ण रेन्जका प्यासेन्जर र कमर्सियल गाडीरुको बिक्रीवितरण गर्न सिप्रदीको नेपालभर ३० वटा बिक्री कार्यालयहरु र ५१ वटा सर्भिस सेन्टरहरू रहेका छन्। साथै देशभर ३०० वटा स्पेयर आउटलेटहरू रहेका छन्। सिप्रदी एक्साइड ब्याट्रीज, म्याक लुब्रिकेन्ट्स र मिसेलिन टायरको पनि वितरक हो।




**जनआकाश मिडिया प्रा.लि.का लागि:** **प्रकाशक**: द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८[redacted]युटर: जनआकाश[redacted]
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण**[redacted]